


# वार्षिक प्रगति विवरण

## आर्थिक वर्ष २०७६।७७

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

# वार्षिक प्रगति विवरण

## आर्थिक वर्ष २०७६।७७

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

फोन नंबर: ०८३-५२१७०५

इमेल: mosdsurkhet@gmail.com

सरकारी डोमेन इमेल: mosd@karnali.gov.np

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत



# सन्देश

सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७६।७७ को वार्षिक प्रगति विवरण तयार पारी सार्वजनिक गर्न पाउँदा हामिलाइ खुशि लागेको छ । आर्थिक वर्ष २०७६।७७ मा यस मन्त्रालय र अन्तर्गतका निर्देशनालयहरू, अस्पतालहरू तथा कार्यालयहरूले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूको प्रगति अवस्थालाई समावेश गरी यो प्रगति विवरण पुस्तिका तयार पारिएको छ ।यस प्रतिवेदनमा मन्त्रालयको सोच र उदेश्य सहितको कार्य क्षेत्रको अवस्था, जनशक्ति तथा लक्षित जनसंख्याको अवस्था, प्रमुख सामाजिक सूचकहरूको अवस्था विनियोजित बजेट र खर्चको अवस्था, सम्पादन भएका प्रमुख कार्य र उपलब्धीको अवस्थालाई समेटिएको छ । यस आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा नयाँ संगठन संरचनाको कारण बजेट तथा कार्यक्रम तयारीमा ढिलाइ हुनु र अन्तिम चौमासिक अवधिमा विश्वब्यापी रूपमा उत्पन्न भएको कोभिड-१९ को महामारीको कारण विकास निर्माण संग सम्बन्धित कृयाकलापहरू अपेक्षित रूपमा सञ्चालन गर्न नसकिएको वास्तविकता हाम्रा सामु छंदैछ । यस मन्त्रालय र मातहतका कार्यालयहरूले आर्थिक वर्षको तेस्रो चौमासिक अवधिलाई अधिकांश कोभिड१९ महामारी नियन्त्रण तथा प्रतिकार्यको कार्यमा नै खर्चनु पर्यो । तथापि मन्त्रालयको बजेट तथा कार्यक्रम कार्यान्वयनबाट केहि उपलब्धीहरू हासिल भएका छन्।

कर्णाली प्रदेश सरकारको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम, बजेट लागु गर्न साथै कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको सन्दर्भमा महत्वपूर्ण मार्गदर्शन, सहयोग, समन्वय तथा सहकार्यको लागि माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष र सदस्यज्यूहरू, प्रमुख सचिवज्यू, सचिवज्यूहरू र कर्णाली प्रदेशका सवै स्थानीय तहहरू र विकास साझेदार संस्थाहरू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । साथै बजेट तथा कार्यक्रम कार्यान्वयन र कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा संलग्न भै महत्वपूर्ण सघाउ पुर्याउने सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निर्देशकहरू, कार्यालय प्रमुखहरू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्तमा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न तथा यस प्रतिवेदन तयार पार्नमा संलग्न सामाजिक विकास मन्त्रालयका सचिव, योजना प्रशासन तथा अनुगमन महाशाखा प्रमुख तथा कर्मचारीहरूप्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

मन्त्री दल रावल
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत



# प्रतिबद्धता

आर्थिक वर्ष २०७६।७७ मा सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन भएका कार्यक्रम तथा कृयाकलापहरूको प्रगति समेटेर यो विवरण पुस्तिका प्रकाशन गर्न पाउँदा खुशि लागेको छ ।

सामाजिक विकास मन्त्रालय प्रदेश सरकारको बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट नागरिकहरूको शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सामाजिक रूपान्तरणका क्षेत्रमा अपेक्षित सुधार ल्याउन प्रतिबद्ध छ । यो प्रगति पुस्तिकाले सामाजिक विकासको क्षेत्रका उद्देश्यहरूबाट प्राप्त उपलब्धी र कमी कमजोरीहरूको पहिचान गरी भविष्यमा सामाजिक क्षेत्रका सेवा र कार्यसम्पादनबाट नतिजामुखी कार्ययोजना निर्माण गरी उद्देश्य बमोजिम कार्यान्वयन गर्न संगठनात्मक प्रभावकारिता हासिल हुनेछ भन्ने विश्वास लागेको छ । यो प्रगति विवरणले कर्णाली प्रदेशको सामाजिक उन्नयन गर्ने दिशामा सहयात्री नीतिनिर्माता, निर्णयकर्ता, मूल्यांकनकर्ता, शोधकर्ता, तथा संघसंस्था र विद्यार्थीहरूको लागि समेत उपयोगी बन्न सकोस भनेर सामाजिक विकास मन्त्रालय वा अन्तर्गत भएका उपलब्धीहरूलाई स्पष्ट पार्ने प्रयास गरिएको छ ।

आर्थिक वर्ष २०७६।७७ मा सामाजिक विकास क्षेत्रको बजेट तथा कार्यक्रमको कार्यान्वयनमा अहम भूमिका निर्वाह गर्ने यस मन्त्रालयका पूर्व सचिवहरू, विषयगत महाशाखाहरू, स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा निर्देशनालय, प्रदेश अस्पताल, मानव संशाधन विकास केन्द्र, जिल्ला स्थित जन/स्वास्थ्य कार्यालयहरू, सामाजिक विकास कार्यालयहरू, मेहेलकुना अस्पताल तथा प्रदेश संग्रहालय र प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् अन्तर्गतका कार्यालयहरू प्रति धन्यवाद प्रकट गर्न चाहान्छु । साथै मन्त्रालय वा मातहतमा विभिन्न तवरले सहयोग, समन्वय तथा सहकार्य गर्ने स्थानीय तहहरू, विकास साझेदार संघसंस्थाहरू र अन्य सबै सहयोगीहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

अन्तमा यो प्रगति विवरण पुस्तिका तयारपार्ने कार्यमा उत्साहपूर्ण उर्जा प्रवाह गर्नुहुने माननीय सामाजिक विकास मन्त्रीज्यू र विशेष योगदान गर्नुहुने प्रशासन तथा योजना महाशाखा प्रमुख विष्णुप्रसाद अधिकारी, तथ्यांक/योजना अधिकृत विनोद आचार्य र कम्प्युटर अधिकृत बेलमता बस्नेतलाई हार्दिक धन्यवाद दिन चाहान्छु । आगामी आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन गर्दा यि विषय क्षेत्रमा हासिल भएका उपलब्धीहरूलाई समेत दृष्टिगत गरी कार्यान्वयन गर्ने, गराउने प्रतिबद्धता ब्यक्त गर्दछु ।

सचिव लोकनाथ पौड्याल
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

## विषय सूचि


| विषय | पेज नं. |
|---|---|
| पृष्ठभूमि | |
| परिचय | |
| दीर्घकालीन सोच | |
| रणनैतिक उदेश्यहरू | |
| मन्त्रालयको कार्यक्षेत्र | |
| मन्त्रालयका महाशाखाहरू | |
| मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू | |
| जनशक्ति अवस्था | |
| लक्षित जनसंख्या | |
| प्रमुख सेवा प्रदायकहरूको अवस्था | |
| प्रमुख सूचकहरूको अवस्था | |
| विनयोजित बजेट र खर्चको अवस्था | |
| कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यः मुख्य कृयाकलाप, बजेट र खर्च | |
| कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मातगहतमा उपलब्ध गराइएको बजेट र खर्च विवरण | |
| २०७७ असार मसान्त सम्मको कोभिड १९ को अध्यावधिक अवस्था | |
| आ.व. २०७६।७७ मा भएका मुख्य कार्यहरू | |
| बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धीहरू | |
| बेरूजु र बेरूजु फर्छ्योटको अवस्था | |
| बजेट कार्यान्वयनमा देखिएका समस्याहरू | |
| समस्या समाधानका लागि गरिएका प्रयासहरू | |

## पृष्ठभूमि

कर्णाली प्रदेश भौगोलिक हिसाबले नेपालकै सबैभन्दा ठुलो र जनसंख्याको हिसाबले सबभन्दा सानो प्रदेश हो । यस प्रदेशको क्षेत्रफल २७९८४ वर्गकिलोमिटर (१०८०५ वर्गमाइल) रहेको छ । यो एघारौं शताब्दी तिरको खसराज्यको क्षेत्र हो जसले नेपालकै पुरानो सभ्यताको परिचय दिन्छ । मौलिक भाषा, कला, संस्कृति, प्राकृतिक सम्पदाले भरिपुर्ण यो प्रदेशको पूर्वमा गण्डकी प्रदेश र प्रदेश ५, दक्षिणमा प्रदेश ५, पश्चिममा सुदुरपश्चिम प्रदेश र उत्तरमा चिनको तिब्बत पर्दछ । यो प्रदेश विश्व मानचित्रमा ८०°, ५९' पूर्व देखी ८३°, ४०' पूर्वी देशान्तर र २८°, ११' उत्तर देखी ३०°, ५६' उत्तर अक्षांसमा फैलिएको छ । समुद्र सतहबाट १९८ मिटर देखी ७७६७ मिटर सम्म फैलिएको यस प्रदेशलाइ भौगोलिक हिसाबले हिमाली र पहाडी गरी दुइ भेगमा विभाजन गर्न सकिन्छ । सुन्दर प्राकृतिक दृष्य, हिमालय, प्रसिद्ध तालहरू, अमुल्य प्राकृतिक सम्पदा, जडिबुटीहरू, धार्मिक क्षेत्र, कला संस्कृति, प्राचिन इतिहास आदि यस प्रदेशका विशेषताहरू हुन् । नेपालकै सबभन्दा ठुलो ताल रारा र सबभन्दा गहिरो ताल फोक्सुण्डो ताल यसै प्रदेशमा रहेका छन् । यस प्रदेशमा १० जिल्लाहरू २५ नगरपालिका, ५४ गाउँपालिका र ७१८ वडाहरू रहेका छन् । यस प्रदेशमा ९० प्रतिशत भन्दा बढी हिन्दु धर्मालम्बीहरूको बसोबास रहेको छ भने बुद्ध, मुस्लिम, क्रस्चियन धर्मावलम्बीहरूको समेत बसोबास रहेको छ । यहाँको प्रमुख भाषा नेपाली हो भने मगर, खाम, काइके, थारू अन्य भाषाहरू पनि विभिन्न स्थानहरूमा प्रचलनमा रहेको पाइन्छ । कृषि पेशा यहाँको प्रमुख पेशा हो, यहाँका करिब ७० प्रतिशत घरपरिवार कृषि पेशामा संलग्न छन् । कठिन भौगोलिक अवस्था, न्यून भौतिक पूर्वाधार , न्यून मानवीय विकास का कारणले यहाँका आर्थिक, सामाजिक सूचकहरूको अवस्था कमजोर रहेको पाइन्छ । कर्णाली प्रदेशमा साक्षरता दर ६३ प्रतिशत, गरिबीको दर ३९.८ प्रतिशत, मानवीय विकास सूचक ०.४२६, ५ वर्ष मुनिको मृत्युदर ५५, शिशु मृत्युदर ४७, नवजात शिशु मृत्युदर २९ (प्रति हजारमा) रहेको पाइन्छ । यहाँका २४ प्रतिशत परिवार मात्र ३० मिनेट भित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन् र १५००० जनसंख्याको लागि सरदर १ जना चिकित्सकको उपलब्धता रहेको छ । यस प्रदेशका ७७ प्रतिशत जनसंख्यामा मात्र सुरक्षित पिउने पानीको पहुँच रहेको छ ।




## परिचय

नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णय अनुसार ७ वटा कार्यक्षेत्र समेटने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४।११।२ गते स्थापना भई संचालनमा रहेको छ । प्रदेश सरकार मन्त्रीपरिषदको मिति २०७६।०५।०६ को निर्णय अनुसार यस मन्त्रालय र अन्तर्गत जम्मा ५२ जनाको स्थायी दरवन्दी स्वीकृत भई प्रदेश रा.प.प्रथम सचिव को नेतृत्वमा ५ महाशाखा र १२ शाखा रहेको मन्त्रालयको संगठन संरचना

अनुसार कर्मचारीहरु हाजिर भै मन्त्रालयको कार्य संचालन सुचारु भएको छ । यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा सेवा निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, १० वटा जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ वटा सामाजिक विकास कार्यालयहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी २७ वटा कार्यालयहरू रहेका छन् ।

## मन्त्रालयको दीर्घकालीन सोच

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय उद्देश्य हासिल गर्न कर्णाली प्रदेशको सामाजिक आर्थिक रूपान्तरण गर्ने

## मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येय

- स्वस्थ, उत्पादनशील र खुशी कर्णालीवासी बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याई स्वस्थ र सक्षम नागरिक तयार गर्ने,
- शिक्षाको विकास, सभ्य र समृद्ध समाजको निर्माणका लागि शिक्षामा सबैको पहुँच र गुणस्तर अभिबृद्धि गरी मानव पूँजीको विकासबाट आर्थिक र सामाजिक रुपान्तरण गर्ने,
- उद्यमी, सिपयुक्त, उत्पादनमूलक तथा स्वस्थ जनसंख्याको ब्यवस्थापन गरी विकासमा युवा सहभागिता बढाउनुको साथै स्वरोजगारको अवस्था सिर्जना गर्ने,
- सारभूत समानतायुक्त कर्णाली बनाउन सबै प्रकारका विभेद, सामाजिक असुरक्षा, हिंसा र शोषणको अन्त्य गरी प्रदेशको समृद्धि र दिगो विकास हासिल गर्ने,
- साँस्कृतिक संरक्षण सहित विविधतामा एकता,
- विभेदरहित समाज तथा समावेशी विकासद्वारा सामाजिक न्यायको सुनिश्चितता ।

## रणनैतिक उदेश्यहरू

- गुणस्तरीय सेवामा सबैको पहुँच स्थापित हुनेगरी प्रभावकारी रुपमा सेवा उपलब्ध गराउने, गुणस्तरीय औषधी तथा सामग्री उत्पादनमा जोड दिने, शिशु बाल मृत्युदर घटाउने र औषत आयु बढाउने ।
- सबै तहको शिक्षामा गुणस्तर ल्याउने, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेगरी रोजगारी र उद्यमशीलता विकास, प्राविधिक र ब्यवसायिक शिक्षाको विस्तार गर्ने,
- बालबालिका तथा किशोरकिशोरीहरुको समग्र विकासका लागि उपयुक्त पूर्वाधारहरूसहित अनुकूल वातावरण सिर्जना गर्ने,
- जेष्ठ नागरिकमैत्री सेवा र सुविधाहरूको बिस्तार गर्ने साथै जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई प्रदेश सम्वृद्धिका लागि सदुपयोग गर्ने,
- बिशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने र सबैबाट ज्येष्ठ नागरिकलाई संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गर्ने,
- लैङ्गिक मूलप्रवाहीकरण गर्दै शासन प्रणालीको प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा सबैको अर्थपूर्ण सहभागिता बढाउने, लैङ्गिक हिंसा भेदभाव र बहिष्करण अन्त्यको लागि न्यायमा पहुँच र

संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने, बालबालिका र किशोर किशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने,

- युवालाई ज्ञान, सिप, प्रविधियुक्त, उद्यमशील र स्वाबलम्बी बनाउदै विकासको सम्वाहक शक्तिको रूपमा स्थापित गर्ने,
- जनसंख्या व्यवस्थापनबाट स्वस्थ, उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार पार्ने
- खेलकूदलाई सबै नागरिकको सरोकार र पहुँचको विषय बनाउनुको साथै स्तरीय पूर्वाधार र व्यवसायिक खेलाडीहरू तयार गरी खेलकूद क्षेत्रलाई उद्योगका रूपमा विकास गर्ने,
- सीप तथा ब्यवसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने श्रम शक्तिको उत्पादन गर्दै श्रमिकहरूको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने,
- जीवनयापनका बैकल्पिक अवसर सिर्जना र जोखिममा रहेका समुदाय एवम् क्षेत्रको पहिचान गरी पीडितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुर्नस्थापनाको सेवालाई प्रभावकारी बनाउने,
- आफ्नो जीवनयापन आफै गर्न नसक्ने सबै उमेर, लिङ्ग, वर्ग, जातजाति, समुदाय र क्षेत्रका व्यक्ति तथा घरपरिवारलाई सामाजिक सुरक्षा प्रदान गर्ने,
- साँस्कृतिक सम्पदा, भाषा, साहित्य, नाट्यकला तथा ललितकलाको उचित संरक्षण गर्दै सामाजिक-साँस्कृतिक एकता अभिवृद्धि गर्ने ।

## मन्त्रालयको कार्यक्षेत्र

- स्वास्थ्य तथा जनसंख्या
- शिक्षा तथा मानव संशाधन
- महिला बालबालिका तथा समाज कल्याण
- युवा तथा खेलकुद
- भाषा धर्म तथा संस्कृति
- श्रम तथा रोजगार
- पोषण खानेपानी तथा सरसफाइ

## मन्त्रालयका महाशाखाहरू

१. प्रशासन तथा योजना महाशाखा
२. शैक्षिक विकास महाशाखा
३. स्वास्थ्य सेवा महाशाखा
४. युवा तथा खेलकुद महाशाखा
५. सामाजिक विकास महाशाखा

## मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू

प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्

- देश स्तरको विश्वविद्यालय तथा उच्चशिक्षा सम्वन्धी नीति, कानुन तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- शैक्षिक परामर्श सेवाको माप दण्ड निर्धारण, अनुमति तथा नियमन
- प्रदेश स्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा माप दण्ड निर्धारण, कार्यान्वयन र नियमनत थापाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण
- प्रदेश स्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन
- प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको माप दण्ड निर्धारण र नियमन
- माध्यमिक तहको परीक्षा व्यवस्थापन
- प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, माप दण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश स्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन
- स्वास्थ्य सेवा सम्वन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघसंस्थाको दर्ता, सञ्चालनअनुमति र नियमन
- प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन
- राष्ट्रिय माप दण्ड बमोजिम औषधी जन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा माप दण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन
- राष्ट्रिय माप दण्ड अनुरुप अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशाला को दर्ता, सञ्चालन, अनुमति र नियमन
- खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको माप दण्ड निर्धारण र कार्यान्वयन
- राष्ट्रिय माप दण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन
- प्रदेश स्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन
- औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध(Antimicrobial Resistance)न्युनीकरण
- खोप र परिवार नियोजन
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन

- प्रदेश स्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह
- प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन
- सूर्ति, मदिरा र लागु पदार्थ जन्य वस्तुकोमा पदण्ड, नियन्त्रण तथा नियमन
- स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद्र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवाप्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधी जन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम
- राष्ट्रिय माप दण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- स्वास्थ्य जन्य फोहोर व्यवस्थापन सम्वन्धी माप दण्ड निर्धारण, कार्यान्वयन र नियमन
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परा गत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेश स्तरीय माप दण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन
- प्रदेश स्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा माप दण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- सर्व साधारणलाइ स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडीएका वर्गको पहुँच सुनिश्चितता
- जनसंख्या, बसाइ सराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरु सँगको सम्पर्क र समन्वय
- महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, माप दण्डत थायोजना तर्जुमा, कार्यान्वयन र नियमन
- लैङ्गिकहिंसा, मानव बेचबिखन तथा ओसार पसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन
- महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान
- लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परिक्षण
- बालबालिकाको हक हित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, माप दण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना
- प्रदेश स्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन
- समाज कल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन
- युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन

- खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानुन तथा माप दण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन
- खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता
- लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठनागरिक लक्षित आवास सम्बन्धी नीति, माप दण्ड तथा योजना तर्जुमा र कार्यान्वयन
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा माप दण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्था सँग सम्पर्क, समन्वय र सहकार्य
- प्रदेश भित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा माप दण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय
- विश्व सम्पदा सूचीमा परेका स्मारकर पुरातात्विक महत्वका स्थल सम्बन्धी
- भाषा, लिपिसंस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, माप दण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन
- प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन
- प्रदेश स्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण
- धर्म, परम्परार गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन
- संस्कृतिको विकास सम्वन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन
- रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा माप दण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेडयुनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रम शक्ति योजना
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण
- कार्य स्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन

## जनशक्ति अवस्था

यस मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूमा जनशक्तिको दरबन्दी तथा हाल कार्यरत अवस्था निम्न अनुसार रहेको छ ।

| सि.नं | कार्यालय | स्वीकृत दरबन्दी | हाल कार्यरत | रिक्त | पदपूर्ति% |
|---|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय सुर्खेत | ५२ | ३९ | १३ | ७५ |
| २ | सामाजिक विकास कार्यालय रुकुम पश्चिम | ६ | २ | ४ | ३३.३ |
| ३ | सामाजिक विकास कार्यालय सल्यान | ७ | ३ | ४ | ४२.९ |
| ४ | सामाजिक विकास कार्यालय डोल्पा | ६ | ३ | ३ | ५० |

| सि.नं | कार्यालय | स्वीकृत दरबन्दी | हाल कार्यरत | रिक्त | पदपूर्ति% |
|---|---|---|---|---|---|
| ५ | सामाजिक विकास कार्यालय जुम्ला | ७ | ३ | ४ | ४२.९ |
| ६ | सामाजिक विकास कार्यालय मुग | ६ | २ | ४ | ३३.३ |
| ७ | सामाजिक विकास कार्यालय हुम्ला | ६ | २ | ४ | ३३.३ |
| ८ | सामाजिक विकास कार्यालय कालिकोट | ६ | २ | ४ | ३३.३ |
| ९ | सामाजिक विकास कार्यालय जाजरकोट | ७ | ३ | ४ | ४२.९ |
| १० | सामाजिक विकास कार्यालय दैलेख | ७ | ३ | ४ | ४२.९ |
| ११ | शिक्षा विकास निर्देशनालय सुर्खेत | २८ | १६ | १२ | ५७.१ |
| १२ | स्वास्थ्य सेवा निर्देशनालय,सुर्खेत | ३७ | ३० | ७ | ८१.१ |
| १३ | प्रदेश अस्पताल, वीरेन्द्रनगर,, सुर्खेत | ३२५ | ८२ | २४३ | २५.२ |
| १४ | मेहलकुना अस्पताल, गुर्भाकोट, सुर्खेत | ५३ | ३४ | १९ | ६४.२ |
| १५ | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | ४८ | ३० | १८ | ६२.५ |
| १६ | स्वास्थ्य सेवा कार्यालय, सल्यान | ६५ | ३० | ३५ | ४६.२ |
| १७ | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | ४७ | १० | ३७ | २१.३ |
| १८ | जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | १६ | १६ | ० | १०० |
| १९ | स्वास्थ्य सेवा कार्यालय, मुगु | ४८ | २३ | २५ | ४७.९ |
| २० | स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ४८ | १२ | ३६ | २५ |
| २१ | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | ४७ | १४ | ३३ | २९.८ |
| २२ | स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | ६५ | ३७ | २८ | ५६.९ |
| २३ | स्वास्थ्य सेवा कार्यालय, दैलेख | ६५ | ३१ | ३४ | ४७.७ |
| २४ | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत | १५ | १३ | २ | ८६.७ |
| २५ | प्रदेश आयुर्वेद औषधालय सुर्खेत | ८ | ७ | १ | ८७.५ |
| २६ | मानव संसाधन विकास केन्द्र, सुर्खेत | ३२ | २२ | १० | ६८.८ |
| २७ | प्रदेश संग्रहालय , सुर्खेत | १३ | ८ | ५ | ६१.५ |
| जम्मा | | १०७० | ४७७ | ५९३ | ४४.६ |

स्रोतः मन्त्रालयको अभिलेख

सामाजिक विकास मन्त्रालय वा अन्तर्गत रहेका जम्मा १०७० दरबन्दीहरूमध्ये ४७७ दरबन्दी मात्र पूर्ति भएको वर्मान अवस्था छ । यस आँकडाबाट मन्त्रालय वा अन्तर्गतमा जनशक्तिको अभाव रहेको कुरा प्रष्ट हुन्छ । जनशक्ति कमी भएकै कारण सवै कार्यक्रमहरू प्रभावकारी तरिकाले गर्न नसकी अपेक्षित उपलब्धी हासिल गर्नमा समेत बाधा भैरहेको अवस्था छ ।तुलनात्मक रूपमा पाँचौ, /छैठौं /सातौं कर्मचारीको पदपूर्ति सबभन्दा बढी ५७.७ प्रतिशत र नवौं तहका कर्मचारीको पदपूर्ति सबभन्दा कम ११.६ प्रतिशत रहेको देखिन्छ । प्रदेश अन्तर्गत चिकित्सकहरूको जम्मा दरबन्दी १८४ भएको मा पदपूर्ति(करार बाहेक) जम्मा ३२ (१७.४% ) रहेको छ ।




स्रोतः मन्त्रालयको अभिलेख

यस मन्त्रालय वा अन्तर्गत तहगत रूपमा जनशक्तिको दरबन्दी तथा हाल कार्यरत अवस्था यस प्रकार रहेको छ ।

| सि.नं | तह | स्वीकृत दरबन्दी | कूल दरबन्दीमा % | हाल कार्यरत | रिक्त | पदपूर्ति% |
|---|---|---|---|---|---|---|
| १ | एघारौं | १९ | १.७८ | ५ | १४ | २६.३ |
| २ | नवौं/दशौं | ११२ | १०.४७ | १३ | ९९ | ११.६ |
| ३ | सातौं/आठौं | ३५० | ३२.७१ | ६८ | २८२ | १९.४ |
| ४ | पाँचौं/छैठौं/सातौं | २८४ | २६.५४ | १६४ | १२० | ५७.७ |
| ५ | चौथो/पाँचौं/छैठौं | १२५ | ११.६८ | ५५ | ७० | ४४.० |
| ६ | श्रेणी विहिन | १८० | १६.८२ | १७२ | ८ | ९५.६ |
| **जम्मा** | | **१०७०** | **१००.००** | **४७७** | **५९३** | **४४.६** |

स्रोतः मन्त्रालयको अभिलेख

## लक्षित जनसंख्या

आ.व. २०७६।७७ मा कर्णाली प्रदेशको कूल लक्षित जनसंख्या १७९६८२२ रहेको छ जसमध्ये पुरूषको जनसंख्या ८७८९१० र महिलाको जनसंख्या ९१७९१२ रहेको छ । सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र कर्णाली प्रदेशका दश वटै जिल्लाहरूको विभिन्न उमेरगत जनसंख्या र अपेक्षित जन्मको संख्या निम्न अनुसार तालिकामा देखाइएको छ ।

| जनसंख्या | डोल्पा | मुगु | हुम्ला | जुम्ला | कालिकोट | दैलेख | जाजरकोट | रुकुम पश्चिम | सल्यान | सुर्खेत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कूल जनसंख्या | ४२१११ | ६३६३६ | ५८४६८ | १२४५०३ | १५८४८२ | २९६१४७ | १९७३५३ | १६९७३२ | २७११८७ | ४१५२०३ | १७९६८२२ |
| महिला जनसंख्या | २११८२ | ३१३७३ | २८७६६ | ६१७१४ | ७८८१३ | १५२४५६ | ९८७९५ | ८८७०२ | १४१४५१ | २१४६६० | ९१७९१२ |
| पुरूष जनसंख्या | २०९२९ | ३२२६३ | २९७०२ | ६२७८९ | ७९६६९ | १४३६९१ | ९८५५८ | ८१०३० | १२९७३६ | २००५४३ | ८७८९१० |

| जनसंख्या | डोल्पा | मुगु | हुम्ला | जुम्ला | कालिकोट | दैलेख | जाजरकोट | रूकुम पश्चिम | सल्यान | सुर्खेत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ बर्ष मूनिको जनसंख्या | ८३५ | १२३१ | ११४७ | २४६४ | ३१०३ | ६०३६ | ३९४३ | ३७७० | ५७९० | ८६२३ | ३६९४२ |
| २ बर्ष मूनिको जनसंख्या | १७०१ | २५५३ | २३५६ | ५०३१ | ६३८३ | १२०८४ | ८००० | ७२२० | ११२४० | १७०४८ | ७३६१६ |
| ५ बर्ष मूनिको जनसंख्या | ४२७१ | ६४६६ | ५९३६ | १२६३२ | १६०९२ | २९९९० | २००१२ | १७४८३ | २७३७४ | ४१९९२ | १८२२४८ |
| १५ बर्ष मूनिको जनसंख्या | १२२६५ | १८५५० | १७०३० | ३६२४४ | ४६१६३ | ८६०५१ | ५७४१८ | ५०३१५ | ७८५६९ | १२०५०७ | ५२३११२ |
| कुल अपेक्षित जन्म | ८६१ | १२७० | ११८३ | २५४१ | ३२०० | ६२२४ | ४०६६ | ३८८८ | ५९७१ | ८८९२ | ३८०९६ |
| कूल अपेक्षित गर्भधारण | १०१५ | १४९८ | १३९५ | २९९६ | ३७७४ | ७३४० | ४७९५ | ४५८५ | ७०४१ | १०४८६ | ४४९२५ |
| १५ देखी ४९ बर्षको महिला जनसंख्या | ११६२१ | १७१४१ | १५९७४ | ३४३०४ | ४३१९६ | ८४०२९ | ५४८९२ | ५१८८२ | ८०६१२ | १२००४६ | ५१३६९७ |
| किशोर किशोरी (१०-१९ वर्ष) जनसंख्या | ८३५८ | १२६४९ | ११६१३ | २४७१८ | ३१४८० | ५८७०७ | ३९१६० | ३४१०९ | ५३६३१ | ८२२२८ | ३५६६५३ |

स्रोतः स्वास्थ्य ब्यवस्थापन सूचना प्रणाली

कर्णाली प्रदेश नेपालकै सबभन्दा कम जनसंख्या भएको प्रदेश हो जहाँ देशको कूल जनसंख्याको ६ प्रतिशत मात्र मानिसहरू बसोवास गर्दछन् ।प्रदेशमा सबभन्दा बढी ४१५२०३ जनसंख्या भएको जिल्ला सुर्खेत हो भने सब भन्दा कम ४२१११ जनसंख्या भएको जिल्ला डोल्पा हो । प्रदेशको जिल्लागत कूल जनसंख्या अवस्था निम्न अनुसार चित्रमा प्रस्तुत गरिएको छ ।




## प्रमुख सेवा प्रदायकहरूको अवस्था

कर्णाली प्रदेशमा स्वास्थ्य सेवा प्रदान गर्नको लागि जम्मा ६२६ वटा सेवा प्रदायक स्वास्थ्य संस्थाहरू कृयाशिल छन् । प्रदेश भित्र २० अस्पताल, १४ प्राथमिक स्वास्थ्य केन्द्र, ३३५ स्वास्थ्य चौकी, १

आयुर्वेद औषधालय, ३०४ बर्थिङ सेण्टर, ४११४ महिला स्वास्थ्य स्वयंसेविका, १३४३ खोप क्लिनिक, ९९८ गाउँघर क्लिनिक, ९४ ससामुदायिक स्वास्थ्य एकाइ र ८९ आधारभूत स्वास्थ्य केन्द्रहरू रहेका छन् । स्वास्थ्य सेवा प्रदायकहरूको अवस्था निम्न अनुसार बार चित्रमा देखाइएको छ ।




स्रोतः स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

त्यसैगरी प्रदेशमा शिक्षा सेवा प्रदान गर्नको लागि ५९६२ सेवा प्रदायक संस्थाहरू (वालविकास केन्द्रहरू सहित) रहेका छन् । प्रदेश भित्र ५६ क्याम्पस, ३०३८ सामुदायिक विद्यालय, १४९ संस्थागत विद्यालय, ६४२ माध्यमिक विद्यालय, २५४५ आधारभूत विद्यालय, २७१९ वालविकास केन्द्र र १००५४ आधारभूत तहमा शिक्षक संख्या रहेको छ । शिक्षा सेवा प्रदायकहरूको अवस्था निम्न अनुसार बार चित्रमा देखाइएको छ ।




स्रोतः मन्त्रालयको अभिलेख

## प्रमुख सूचकहरूको अवस्था

कर्णाली प्रदेशमा सामाजिक विकास मन्त्रालयसंग सम्बन्धित (सामाजिक क्षेत्रका) केही प्रमुख सूचकहरूको तुलनात्मक अवस्था यस प्रकार रहेको छ ।

| सूचक | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|
| जम्मा कार्यरत स्वास्थ्यकर्मि संख्या (स्थानीय समेत) | २४६४ | २४०४ | २२०१ |
| पूर्णखोप प्राप्त गर्ने वालवालिकाको प्रतिशत | ८८ | ७९ | ७० |
| कम तौल भएका २ वर्ष मूनिका वालवालिकाको प्रतिशत | ८ | ६ | ५ |
| जम्मा नवजात मृत्युसंख्या | १८७ | १४३ | १४३ |
| जम्मा ५ वर्षमूनिको मृत्यु संख्या | १९९ | १३६ | १८६ |
| जम्मा मातृ मृत्यु संख्या | ३७ | १३ | १३ |
| परिवार नियोजन साधन प्रयोगदर(प्रतिशत) | ३४.७ | ३५.३ | ३४.८ |
| ४ पटक गर्भ जाँच गराउने प्रतिशत | ५४ | ६२ | ६६.२ |
| संस्थागत प्रसुती प्रतिशत | ६७ | ७३ | ६८.७५ |
| दक्ष प्रसुतीकर्मिबाट प्रसुती भएको प्रतिशत | ५६ | ५९ | ५६ |
| जम्मा क्षयरोगका विरामी संख्या | १६३६ | १४६७ | ११२३ |
| जम्मा कुष्ठरोगका विरामी संख्या | १०७४ | १०४६ | ७४५ |
| जम्मा एच.आइ.भि. संक्रमित संख्या | ४९६ | ५९० | ४७३ |
| जम्मा कोभिड १९ संक्रमित संख्या | ० | ० | १७१४ |
| बहिरंग स्वास्थ्य सेवा लिएका जनसंख्या प्रतिशत | ८३ | ९२ | ८५ |
| अस्पतालमा आकस्मिक सेवा लिएको जनसंख्या प्रतिशत | २.३ | ४.१ | २.६ |
| अस्पतालमा अन्तरंग सेवा लिएका जनसंख्या प्रतिशत | १.०६ | १.०२ | ०.५४ |
| महिला साक्षरता प्रतिशत | | ५२.८७ | |
| जम्मा साक्षरता प्रतिशत | | ६२.५ | |
| आधारभूत तह (१-८) मा खूद भर्नादर | | ९३.४ | |
| माध्यमिक तहमा खूद भर्नादर | | ४६.४ | |
| जम्मा विद्यार्थि संख्या वालविकास केन्द्र | | ५८१५८ | |
| जम्मा विद्यार्थि संख्या कक्षा १-५ | | ३११२३१ | |
| जम्मा विद्यार्थि संख्या कक्षा ६-८ | | १४४३२१ | |
| जम्मा विद्यार्थि संख्या कक्षा ९-१२ | | १२६६६४ | |
| जम्मा विद्यार्थि संख्या प्राविधिक शिक्षा | | ११४० | |
| जम्मा विद्यार्थि संख्या उच्च शिक्षा | | १२०१५ | |
| छोटो अवधिको विभिन्न सीपमूलक तालिम प्राप्त संख्या | | ३३७३ | |
| वैदेशिक रोजगारीमा जानेहरुलाई परामर्श सहयोग ब्यक्ति संख्या | | ५४४ | १६८७ |
| बैंक खाता खोलिएका छोरीहरूको संख्या | | | ६५१४ |
| हिंसा प्रभावित महिला/वालवालिकालाइ सेवा प्रदान संख्या | | | १४६७ |
| पुनर्स्थापन केन्द्र मार्फत संरक्षण र उद्धार गरिएको संख्या | | | २४२ |
| अनाथ वालवालिकालाइ न्यानो कपडा र शैक्षिक सामग्री वितरण | | | ११३ |
| डिजिटल गै.स.स. प्रोफाइलमा सूचिकृत गरिएका संस्थाहरू | | | २७९ |

| सूचक | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|
| बेसहारा/सडक मानवहरूको संख्या | | | ० |
| सडक वालवालिकाहरूको संख्या | ४३ | १८ | ० |
| रंगशाला संख्या | | | ५ |
| कभर्डहल संख्या | | | १० |
| संग्रहालय/अभिलेखालय संख्या | १ | १ | १ |

स्रोतः मन्त्रालयको अभिलेख, व्यवस्थापन सूचना प्रणाली

कर्णाली प्रदेशका प्रमुख सामाजिक अवस्थाका सूचकहरूको अवस्था निम्न अनुसार बार चिमा समेत प्रस्तुत गरिएको छ । जस अनुसार प्रदेशमा पूर्ण खोप प्राप्त गर्ने वालवालिकाको प्रतिशत ७०, परिवार नियोजन साधन प्रयोगदर ३५ प्रतिशत, प्रोटोकल अनुसार चार पटक गर्भ जाँच गराउने प्रतिशत ६६, संस्थागत प्रसुती प्रतिशत ६९, दक्ष प्रसुतीकर्मिबाट प्रसुती प्रतिशत ५६, बहिरंग स्वास्थ्य सेवा लिएको जनसंख्या प्रतिशत ८५, उमेर ५ बर्ष माथिको जम्मा साक्षरता प्रतिशत ६३, आधारभूत शिक्षामा खुद भर्नादर ९३ प्रतिशत र माध्यमिक शिक्षा तहमा खुद भर्नादर ४६ प्रतिशत रहेको देखिन्छ ।




स्रोतः स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, मन्त्रालयको अभिलेख

## रोजगारीको अवस्था

आर्थिक रूपले सक्रिय र रोजगार जनसंख्याको विश्लेषण गर्दा सामान्यतया उमेर १० बर्ष भन्दा माथिको जनसंख्यालाइ लिने गरिन्छ । आर्थिक रूपले सकृय जनसंख्या जसले निर्धारित समय भित्र ज्याला वा तलब (नगद वा प्रकारको) प्राप्त गर्दछ वा आर्थिक उपार्जनको काम गर्दछ त्यसलाइ रोजगार जनसंख्याको रूपमा लिइन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशका जिल्लाहरूमा रहेको आर्थिक रूपले सकृय जनसंख्या र रोजगार जनसंख्या प्रतिशत निम्न अनुसार स्तम्भ चित्रमा देखाइएको छ । प्रदेशमा उमेर १० बर्षभन्दा माथिको आर्थिक रूपले सकृय जनसंख्या ५९ प्रतिशत र रोजगार जनसंख्या ५२ प्रतिशत रहेको देखिन्छ ।




स्रोतः केन्द्रीय तथ्यांक विभाग NPHC

आर्थिक रूपले सकृय जनसंख्याको अनुपात सवैभन्दा बढी डोल्पामा ७० प्रतिशत र सबभन्दा कम ५२ प्रतिशत रूकुममा देखिन्छ ।त्यसैगरी रोजगार जनसंख्या बढी हुम्लामा ६६ प्रतिशत र सवभन्दा कम रूकुममा देखिन्छ ।

## विनयोजित बजेट र खर्चको अवस्था

सामाजिक विकास मन्त्रालय र अन्तर्गतको आ.व. २०७६।७७ को लागि विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था निम्न अनुसार रहेको छ ।

### (क) चालु, पूंजिगत बजेट र खर्च

आ.व. २०७६।७७ मा सामाजिक विकास मन्त्रालय र अन्तर्गतको लागि शुरूमा चालुतर्फ २ अरब ९२ करोड ५४ लाख बहत्तर हजार र पूंजिगत तर्फ १ अरब ७७ करोड ४७ लाख ९७ हजार गरी जम्मा ४ अरब ७० करोड २ लाख ६९ हजार बजेट विनियोजन गरिएको थियो । पछी १ अरब २० करोड ५९ लाख १९ हजार थप र ८५ करोड ३१ लाख ६० हजार घटाइ ३५ करोड २७ लाख ५९ हजार थप भइ खूद बजेट ५ अरब ५ करोड ३० लाख २८ हजार कायम हुन गएको थियो । सामाजिक विकास मन्त्रालयको लागि विनियोजित खूद बजेटमध्ये चालुतर्फ ३ अरब १६ करोड ५ लाख २२ हजार (६२.५५ प्रतिशत) र पूंजिगत तर्फ १ अरब ८९ करोड २५ लाख ६ हजार (३७.४५ प्रतिशत) रहेको थियो । कूल विनियोजित बजेटमध्ये प्रदेश तर्फ ३ अरब ८० करोड ८४ लाख ४४ हजार (७५.४ प्रतिशत) र सशर्त तर्फ १ अरब २४ करोड ४५ लाख ४४ हजार (२४.६ प्रतिशत) रहेको थियो । मन्त्रालय र अन्तर्गतको चालु तथा पूंजिगत बजेट र खर्चको संक्षिप्त अवस्था निम्न तालिका प्रस्तुत गरिएको छ ।

| चालु/ पूंजिगत | शुरू बजेट* रू.हजारमा | खूद बजेट* रू.हजारमा | बजेट प्रतिशत | बजेट खर्च रू.हजारमा | शुरू बजेटमा खर्च प्रतिशत | खूद बजेटमा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| चालु | २९२५४७२ | ३१६०५२२ | ६२.५५ | १७९७७५८ | ६१.४५ | ५६.८८ |
| पूंजिगत | १७७४७९७ | १८९२५०६ | ३७.४५ | ११०१६७९ | ६२.०७ | ५८.२१ |
| **जम्मा** | **४७००२६९** | **५०५३०२८** | **१००.००** | **२८९९४३७** | **६१.६९** | **५७.३८** |

स्रोतः PLMBIS, TSA

**शुरू बजेटः सामाजिक विकास मन्त्रालयको बजेट,*

**खूद बजेटः मुख्यमन्त्री रोजगार कार्यक्रम समेतको थप भै कायम भएको बजेट*

सामाजिक विकास मन्त्रालय र अन्तर्गतको आ.व. २०७६।७७ को कूल खर्च २ अरब ८९ करोड ९४ लाख ३७ हजार रहेको छ जुन शुरू बजेटको ६१.६९ प्रतिशत र खुद बजेटको ५७.३८ प्रतिशत हुन आउंछ । चालु तर्फको ३ अरब १६ करोड ५ लाख २२ हजारमध्ये १ अरब ७९ करोड ७७ लाख ५८ हजार(६१.४५ प्रतिशत) खर्च भएको छ भने पूंजिगत तर्फको १ अरब ८९ करोड २५ लाख ६ हजारमध्ये १ अरब १० करोड १६ लाख ७९ हजार(६२.०७ प्रतिशत) खर्च भएको छ ।उपरोक्त प्रगति अवस्थालाइ निम्न अनुसार चित्रमा देखाइएको छ ।







स्रोत: PLMBIS/TSA

सामाजिक विकास मन्त्रालय अन्तर्गतका बजेट उपशिर्षक अनुसार शुरूमा विनियोजित बजेट, थप बजेट, घटेको बजेट, खुद कायम भएको बजेट, खर्च बजेट र बाँकि बजेटको अवस्था निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| ब.उ.शि. नं. | ब.उ.शि. | शुरू बजेट | खुद बजेट | खर्च बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३५००००११३ | सामाजिक विकास मन्त्रालय | ८०२८६२ | ५७२१३५ | ९१९१४ | १६.०७ |
| ३५००००११४ | सामाजिक विकास मन्त्रालय | ३८०७६० | २३३३४४ | २३४८७ | १०.०७ |
| ३५०००१२०३ | संघ शसर्त अनुदान | १०१७७८५ | ११४८८८५ | ८९४,७४७ | ७७.८८ |
| ३५०००१२०४ | संघ शसर्त अनुदान | ९५६९९ | ९५६९९ | ४३,२६५ | ४५.२१ |
| ३५००१०११३ | शिक्षा विकास निर्देशनालय | २०३१५८ | २१०१५० | १२९,३४२ | ६१.५५ |
| ३५००१०११४ | शिक्षा विकास निर्देशनालय | ८१३१६० | ८१९८६० | ५०३०१४.७ | ६१.३५ |
| ३५००२०११३ | स्वास्थ्य निर्देशनालय | १०९२९४ | १२०९२४ | ७६,१९० | ६३.०१ |
| ३५००२०११४ | स्वास्थ्य निर्देशनालय | ३५८१८ | ३५८१८ | १५,४७३ | ४३.२० |
| ३५००२०१२३ | अस्पतालहरु | ४५८५५६ | ७३१३४९ | ५५४,७१४ | ७५.८५ |
| ३५००२०१२४ | अस्पतालहरु | ३८९७५० | ६५७१७५ | ३०७,५६४ | ४६.८० |
| ३५००२०१३३ | स्वास्थ्य कार्यालयहरु | २३८६६२ | २६१७५१ | १४७,२२७ | ५६.२५ |
| ३५००२०१३४ | स्वास्थ्य कार्यालयहरु | १०००० | २०९५८ | १६२३२.९१ | ७७.४५ |
| ३५००२०१४३ | आयुर्वेद औषधालयहरु | ३२०८३ | ३९६०४ | २५,३८८ | ६४.१० |
| ३५००२०१४४ | आयुर्वेद औषधालयहरु | १५६६० | १४१६० | ७,२१८ | ५०.९८ |
| ३५००३०११३ | मानव संशाधन विकास केन्द्र | ४६१०० | ४६६३४ | ३४,१९७ | ७३.३३ |
| ३५००३०११४ | मानव संशाधन विकास केन्द्र | २००५० | २००५० | १३,६३४ | ६८.०० |
| ३५००४०११३ | प्रदेश संग्रहालय | १६९७२ | १८१३२ | ११,४५५ | ६३.१८ |

| ब.उ.शि. नं. | ब.उ.शि. | शुरू बजेट | खुद बजेट | खर्च बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३५००४०११४ | प्रदेश संग्रहालय | १३९०० | ६४०० | ४,३७४ | ६८.३४ |
| जम्मा | | ४७००२६९ | ५०५३०२८ | २८९९४३७ | ५७.३८ |

स्रोतः PLMBIS, TSA

बजेट उपशिर्षकगत खर्चको अवस्था हेर्दा सबभन्दा बढी संघीय सशर्त अनुदान तर्फको ७५ प्रतिशत र सबभन्दा कम सामाजिक विकास मन्त्रालयको १४ प्रतिशत मात्र देखिन्छ । बढी खर्च प्रगति भएका बजेट उपशिर्षक हरूमा क्रमशः मानव संशाधन विकास केन्द्र, प्रदेश संग्रहालय, अस्पतालहरू, शिक्षा विकास निर्देशनालय र आयुर्वेद औषधालय रहेका छन् । सारांशमा बजेट उपशिर्षक अनुसार खर्च प्रतिशत निम्न अनुसार स्तम्भ चित्रमा देखाइएको छ ।




स्रोतः PLMBIS, TSA

### (ख) खर्च शिर्षक अनुसार बजेट र खर्च (रकम रू. हजारमा)

सामाजिक विकास मन्त्रालय र अन्तर्गतको खर्च शिर्षक अनुसार शुरू बजेट, रकमान्तर/थप भै कायम भएको खुद बजेट, बजेट खर्च र खुद बजेटमध्ये खर्च प्रतिशतको अवस्था यस प्रकार तालिकामा देखाइएको छ ।

| खर्च शि.नं. | खर्च शिर्षक | शुरू बजेट | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| २१११२ | पारिश्रमिक कर्मचारी | ४३९१४० | ४४०१२२ | २७१५१२ | ६१.६९ |
| २११२१ | पोशाक | १०००५ | १०८६० | ६७९३.२ | ६२.५५ |
| २११३१ | स्थानीय भत्ता | ४७०२१ | ४८४११ | ३२६६९.२ | ६७.४८ |
| २११३२ | महंगी भत्ता | २००११ | २०५८१ | १३६२७.२९ | ६६.२१ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ३६४६ | ३६४६ | २५२३.३९७ | ६९.२१ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १३४४ | ८७२१९ | ६३३५७.१३ | ७२.६४ |
| २११३९ | अन्य भत्ता | ४०९७५ | २२७५७० | १४४७७२.९ | ६३.६२ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २४८६ | २४८६ | १०६४.२५७ | ४२.८१ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २३१ | २३१ | ० | ०.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १६८ | १६८ | ६१.२ | ३६.४३ |
| २२१११ | पानी तथा बिजुली | ११८१५ | १६१०९ | १२१३०.०८ | ७५.३० |

| खर्च शि.नं. | खर्च शिर्षक | शुरू बजेट | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| २२११२ | संचार महसुल | ७०९९ | ७९९९ | ६०४६.४४४ | ७५.५९ |
| २२२११ | इन्धन (पदाधिकारी) | ४६४ | १६४ | ० | ०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १४३१२ | १५१६२ | ११४५६.४१ | ७५.५६ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ६७३८ | ६७८८ | ४९६६.७८ | ७३.१७ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | १७४७ | २४७२ | १११९.५६९ | ४५.२९ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५२९८ | ५२९८ | ३९९७.३४१ | ७५.४५ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३०५३९ | ३०५३९ | १२८७२.१९ | ४२.१५ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ३४४० | ३४४० | २०२०.३१२ | ५८.७३ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३११९४ | ३१५६९ | २६१०१.२५ | ८२.६८ |
| २२३१२ | पशुपंक्षीहरूको आहार (CTEVT, संघीय सशर्त) | ३७२ | ३७२ | १३१.३९०४ | ३५.३२ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २४१० | २८१० | ९५४.१४७८ | ३३.९६ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ५८६८ | ५८६८ | ४०७१.८०५ | ६९.३९ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५५८९ | ५५८९ | ४७५५.८ | ८५.०९ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | २१८० | २१८० | १६७६.६३८ | ७६.९१ |
| २२४११ | सेवा र परामर्श खर्च | १४२५३ | १४५५३ | १००८७.६ | ६९.३२ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १२०० | १२०० | ० | ०.०० |
| २२४१३ | करार सेवा शुल्क | ५१९६८ | ५४३०८ | ३४९६२ | ६४.३८ |
| २२४१९ | अन्य सेवा शुल्क | ६६१० | ६७३५ | ३१५६.४६५ | ४६.८७ |
| २२५११ | कर्मचारी तालिम खर्च | ५१३३३ | ५१३३३ | १०९५२.७८ | २१.३४ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १२७३१४ | १२७५१४ | ५८३५०.४१ | ४५.७६ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ७०० | ७०० | ० | ०.०० |
| २२५२२ | कार्यक्रम खर्च | १४४९९६४ | १३७८५७५ | ७२९२६६.२ | ५२.९० |
| २२५२९ | विविध कार्यक्रम खर्च | २१६० | २१६० | १३०२.९१२ | ६०.३२ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | २४२४० | २५४९२ | १४४४८.८७ | ५६.६८ |
| २२६१२ | भ्रमण खर्च | १२७१३ | १२८१३ | ६६०१.२५८ | ५१.५२ |
| २२७११ | विविध खर्च | १४५४६ | १४७४६ | ११२१८.७६ | ७६.०८ |
| २५३१५ | अन्य सहायता | ० | ९२०० | ० | ०.०० |
| २६३३२ | शसर्त अनुदान | १२६३५३ | १२६३५३ | ८३०६४.४६ | ६५.७४ |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ३०० | ३०० | २०४.३०६ | ६८.१० |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | ३७५०० | ३११२९ | १७४०७.३४ | ५५.९२ |
| २७३११ | सामाजिक सुरक्षा | ८८८४० | १००२७२ | ६९१७७.६५ | ६८.९९ |

| खर्च शि.नं. | खर्च शिर्षक | शुरू बजेट | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| २७२११ | छात्रवृत्ति | ३४३५० | ३४३५० | ० | ०.०० |
| २७२१३ | औषधी खरिद खर्च | १७८२९४ | १७८५९४ | १३४३५६.३ | ७५.२३ |
| २७२१९ | अन्य सामाजिक सहायता | ० | १०० | ० | ०.०० |
| २८१४२ | घर भाडा | ७३४२ | ९५४२ | ८३५४.९७५ | ८७.५६ |
| २८१४९ | अन्य भाडा | १४०० | २९०० | २७१.१५ | ९.३५ |
| ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १२३६००० | १०९६४५९ | ५८२०००.४ | ५३.०८ |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ६५५० | १०७०० | ४८२०.३५ | ४५.०५ |
| ३१११४ | जग्गा विकास कार्य | १०० | १०० | ० | ०.०० |
| ३११२१ | सवारी साधन | ६६९७० | ३८९७० | १७६०८ | ४५.१८ |
| ३११२२ | मेशिनरी तथा औजार | २६११८४ | ५६४६३४ | ३८०४५०.४ | ६७.३८ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १७७९३ | ३३६८० | २१९३९.१५ | ६५.१४ |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च (CTEVT-रूकुम, सल्यान, जुम्ला: संघीय सशर्त) | ४०० | ४०० | ४०.८४ | १०.२१ |
| ३११५६ | खानेपानी संरचना निर्माण (CTEVT- सल्यान, जुम्ला: संघीय सशर्त) | १००० | १००० | ६९३.१ | ६९.३१ |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | १७७५०० | १२३७६३ | ६४४३१.०२ | ५२.०६ |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | १६५०० | २५८२.९१ | १५.६५ |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ५८०० | ४८०० | ३००६.७२ | ६२.६४ |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | १५०० | १५०० | ० | ०.०० |
| **जम्मा** | | **४७००२६९** | **५०५३०२८** | **२८९९४३७** | **५७.३८** |

स्रोतः PLMBIS, TSA

### (ग) कार्य क्षेत्रगत बजेट र खर्च

मन्त्रालयका प्रमुख विषयगत कार्यक्षेत्रहरू शिक्षा, स्वास्थ्य, युवा तथा खेलकूद, सामाजिक, योजना प्रशासन तथा श्रमरोजगार एवं भाषा धर्म संस्कृति अन्तर्गत विनियोजित बजेट र खर्चको अवस्था निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| कार्य क्षेत्र | खुद बजेट रू.हजारमा | बजेट प्रतिशत | बजेट खर्च रू.हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| शिक्षा | ८५२०२३ | १६.८६ | ५२९८७०.७ | ६२.१९ |
| स्वास्थ्य | २६९१४८० | ५३.२६ | १५९३७७८ | ५९.२२ |
| युवा तथा खेलकूद | ५२४७७० | १०.३९ | २८९१६५.६ | ५५.१० |
| सामाजिक | ६६७५०९ | १३.२१ | ३३५६६४.६ | ५०.२९ |
| योजना, प्रशासन, श्रम रोजगार | २५२४४१ | ५.०० | १२४४९६.४ | ४९.३२ |
| भाषा, धर्म, संस्कृति | ६४८०५ | १.२८ | २६४६१.९५ | ४०.८३ |
| **जम्मा** | **५०५३०२८** | **१००** | **२८९९४३७** | **५७.३८** |

स्रोतः PLMBIS, TSA

आ.व. २०७६।७७मा यस मन्त्रालय र अन्तर्गतको बजेट विनियोजन सवभन्दा बढी स्वास्थ्य क्षेत्रमा ५३ प्रतिशत र सबभन्दा कम भाषा धर्म र संस्कृति क्षेत्रमा करिब २२ प्रतिशत गरिएको थियो ।शिक्षा, सामाजिक, युवा तथा खेलकूद र योजना प्रशासन श्रमरोजगार क्षेत्रहरूमा क्रमशः करिव १७ प्रतिशत, १३ प्रतिशत, १० प्रतिशत र ५ प्रतिशत बजेट छुट्याइएको थियो । विनियोजित खूद बजेटमध्ये सवैभन्दा बढी शिक्षा क्षेत्रमा ६२ प्रतिशत र सवैभन्दा कम भाषा धर्म संस्कृति क्षेत्रमा करिव ४१ प्रतिशत खर्च भएको देखिन्छ ।स्वास्थ्य, युवा तथा खेलकूद, सामाजिक र प्रशासन योजना श्रम तथा रोजगार क्षेत्रको बजेट खर्च प्रतिशत क्रमशः ५९, ५५, २६.५१ र ४९ रहेको देखिन्छ ।यसलाइ निम्नानुसार चित्रहरूमा पनि देखाइएको छ ।







स्रोतः PLMBIS, TSA

### (घ) कार्यालयगत बजेट र खर्चः चालु तर्फ

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतका खर्च केन्द्र(कार्यालय) हरूको चालु तर्फको विनियोजित बजेटमध्ये भएको खर्च(वित्तीय प्रगति) अवस्था तलको स्तम्भ चित्रमा देखाइएको छ । चालु तर्फको बजेटमा खर्च प्रगति हेर्दा सबै भन्दा बढी सामाजिक विकास कार्यालय डोल्पाको ८४ प्रतिशत देखिन्छ भने सबैभन्दा कम सामाजिक विकास मन्त्रालयको ३२ प्रतिशत मात्र देखिन्छ । जन/स्वास्थ्य सेवा कार्यालयहरू तर्फ सबै भन्दा बढी स्वास्थ्य सेवा कार्यालय मुगुको ८१ प्रतिशत देखिन्छ भने सबैभन्दा कम स्वास्थ्य सेवा कार्यालय जाजरकोटको ५५ प्रतिशत, सामाजिक विकास कार्यालयहरू तर्फ सबै भन्दा बढी सामाजिक सेवा कार्यालय डोल्पाको ८४ प्रतिशत देखिन्छ भने सबैभन्दा कम मुगुको ४६ प्रतिशत प्रगति रहेको छ ।




स्रोतः PLMBIS,TSA

*CTEVT सुर्खेत, कर्णाली प्राविधिक शिक्षालय जुम्ला, शहिद यज्ञश्वर स्मृति पोलिटेक्निक रूकुम र नेत्रलाल अभागी प्रा. शिक्षालय सल्यान

## (ङ) कार्यालयगत बजेट र खर्चः पूंजिगत तर्फ

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतका खर्च केन्द्र(कार्यालय) हरूको पूंजिगत तर्फको बजेट खर्च(वित्तीय प्रगति) अवस्था तलको स्तम्भ चित्रमा देखाइएको छ । पूंजिगत तर्फको बजेटमा खर्च प्रगति हेर्दा सबै भन्दा बढी सामाजिक विकास कार्यालय हुम्लाको करिब शत प्रतिशत देखिन्छ भने सबैभन्दा कम सामाजिक विकास मन्त्रालयको २ प्रतिशत देखिन्छ । जन/स्वास्थ्य सेवा कार्यालयहरू तर्फ सबै भन्दा बढी स्वास्थ्य सेवा कार्यालय कालिकोटको ९९ प्रतिशत देखिन्छ भने सबैभन्दा कम जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतको १८ प्रतिशत, सामाजिक विकास कार्यालयहरू तर्फ सबै भन्दा बढी

सामाजिक विकास कार्यालय हुम्लाको करिब शत प्रतिशत देखिन्छ भने सबैभन्दा कम सामाजिक विकास कार्यालय मुगुको को ४५ प्रतिशत प्रगति रहेको छ ।




स्रोतः PLMBIS,TSA

*CTEVT सुर्खेत, कर्णाली प्राविधिक शिक्षालय जुम्ला, शहिद यज्ञश्वर स्मृति पोलिटेक्निक रूकुम र नेत्रलाल अभागी प्रा. शिक्षालय सल्यान

### (च) कार्यालयगत जम्मा बजेट र खर्च

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतका खर्च केन्द्र(कार्यालय) हरूको चालु र पाजिगत गरी जम्मा बजेट खर्च (वित्तीय प्रगति) अवस्था तलको स्तम्भ चित्रमा देखाइएको छ । जम्मा बजेटमा खर्च प्रगति हेर्दा सबै भन्दा बढी सामाजिक विकास कार्यालय हुम्लाको ८८ प्रतिशत देखिन्छ भने सबैभन्दा कम सामाजिक विकास मन्त्रालयको २२ प्रतिशत देखिन्छ । जन/स्वास्थ्य सेवा कार्यालयहरू

तर्फ सबै भन्दा बढी स्वास्थ्य सेवा कार्यालय मुगुको ८० प्रतिशत देखिन्छ भने सबैभन्दा कम जाजरकोटको ४९ प्रतिशत, सामाजिक विकास कार्यालयहरू तर्फ सबै भन्दा बढी सामाजिक विकास कार्यालय हुम्लाको ८८ प्रतिशत र सबैभन्दा कम सामाजिक विकास कार्यालय मुगुको ४५ प्रतिशत रहेको देखिन्छ ।




स्रोतः PLMBIS,TSA

*CTEVT सुर्खेत, कर्णाली प्राविधिक शिक्षालय जुम्ला, शहिद यज्ञश्वर स्मृति पोलिटेक्निक रूकुम र नेत्रलाल अभागी प्रा. शिक्षालय सल्यान

### अपेक्षित वित्तीय प्रगति हुन नसक्नुका कारण

मन्त्रालयको समग्र वित्तीय प्रगति अपेक्षा गरे अनुसार हुन नसक्नुका प्रमुख कारणहरू यस प्रकार रहेका छन्

- मन्त्रालय वा अन्तर्गत रहेका कूल १०७० कर्मचारी दरबन्दीहरूमध्ये ४७७ (४५ प्रतिशत) मात्र पुर्ति भै अधिकांश दरबन्दी रिक्त रहनुको कारण जनशक्ति अभाव भै अपेक्षित रूपमा काम हुन नसकेको
- आर्थिक वर्षको शुरू बजेट र कार्यक्रम आएको लगत्तै प्रदेशको संगठनात्मक संरचनामा परिवर्तन हुंदा पुनः नयाँ संरचना अनुसार बजेट, कार्यक्रम तथा कार्यविधि व्यवस्थापन गर्नुपर्ने अवस्था आइ बजेट कार्यक्रम कार्यान्वयनमा अन्योलता र विलम्बता भएको
- अधिकांश कार्यक्रम/कृयाकलापहरू तेस्रो चौमासिक अवधि (फाल्गुण पछि) हुने तर तेसो चौमासिक अवधिमा कोभिड-१९ को कारण बन्दाबन्दी भै सो रोग नियन्त्रण प्रतिकार्य बाहेक अन्य कार्यक्रम/कृयाकलापहरू सञ्चालन गर्न सहज अवस्था नभएको
- आर्थिक वर्षको अन्त्यमा थप प्राप्त भएको केही बजेट रकम खर्च हुन नसक्नु
- करिब ३ महिनासम्म मन्त्रालयमा सचिवको पद रिक्त रहनु
- सवारी साधन खरिद लगायत पूंजिगत खरिदमा विनियोजित बजेट कोभिड १९ को कारण नेपाल सरकारको सवारी साधन खरिद नगर्ने भन्ने सन्दर्भमा खर्च हुन नसकेको ।

## कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यः मुख्य कृयाकलाप, बजेट र खर्च

### कोभिड १९ व्यवस्थापनको सन्दर्भमा सम्पादन भएका मुख्य कामहरू

नोबेल कोरोना भाइरस (कोभिड-१९) को जोखिमको अवस्थालाइ मध्यनजर राख्दै कर्णाली प्रदेशमा पनि रोकथाम, नियन्त्रण र उपचारका पर्याप्त गतिविधिहरू सञ्चालन गरीएको थियो । संघीय बिपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन र कर्णाली प्रदेश बिपद् न्यूनिकरण एवं ब्यवस्थापन नियमावली २०७६ अनुसार यसको प्रतिकार्य नियन्त्रण र उपचारको लागि आवश्यक ब्यवस्थापन गर्ने सन्दर्भमा प्रदेश सरकारको सक्रियतामा प्रारम्भिक अवस्था देखी सरोकारवालाहरू र स्थानीय तहहरूको समन्वयमा समुदाय स्तरसम्म नियन्त्रण तथा प्रतिकार्यका लागि विभिन्न पहलहरू भएका थिए । कोभिड-१९ ब्यवस्थापनको लागि सम्पादन भएका प्रमुख गतिविधिहरू यस प्रकार रहेका छन्-

- स्वास्थ्य निर्देशकको अध्यक्षतामा प्रदेश स्तरीय कार्यदल गठन
- हेल्थ डेस्क स्थापना (सुर्खेत एयरपोर्ट, हिल्सा, कपुरकोट, बबइ र कुइने), विस्तार र ब्यवस्थापन
- विज्ञ, जनप्रतिनिधि, साँसदहरू, विकास साझेदार र अन्य सरोकारवालाहरूसंग समन्वय, बैठक
- कर्णाली प्रदेश सरकारबाट ५० करोडको बिपद् ब्यवस्थापन कोष स्थापना
- सामाजिक विकास मन्त्रालयबाट हेल्य असिस्टेण्ट, स्टाफ नर्स, अ.न.मि. गरी ५८ जना कर्मचारीहरू करारमा नियुक्त गरी परिचालन गरिएको । साथै चिकित्सक, स्वास्थ्यकर्मिहरू पनि परिचालन गरिएको
- प्रदेशका २७ वटा रणनैतिक स्थानहरूमा चिकित्सक सहितको टोली खटाइ कार्यान्वयनमा रहेको

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कोभिड १९ सम्बन्धी जानकारी दिनका लागि हटलाइन नं. १०९६ सञ्चालनमा आएको
- सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय कार्यान्वयन समिति गठन भई सो अन्तर्गत विभिन्न उपसमितिहरू गठन भई कार्यान्वयनमा रहेको
- नेपाली सेनाको सकृयतामा वीरेन्द्रनगर घण्टाघर पूर्वको मैदानमा ४०० बेडको क्वारेन्टाइन स्थापना भई सञ्चालनमा रहेको
- कोभिड १९ नियन्ण तथा रोकथामलाइ प्रभावकारी बनाउन प्रमुख सचिवको संयोजकत्वमा कार्यकारी समिति गठन भएको
- कोभिड १९ नियन्त्रणको लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश अस्पताल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी अस्पताललाइ Dedicated अस्पतालको रूपमा र अन्य १० वटा अस्पतालहरूलाइ स्याटालाइट अस्पतालको रूपमा विकास गरिएको
- वडा तहसम्म मेडिकल मार्च सञ्चालन गरिएको
- प्रदेश भित्रका ५८६ विद्यालयहरूलाइ क्वारेन्टाइन सेन्टरको रूपमा प्रयोग गरिएको
- कर्णाली प्रदेशका जनप्रतिनिधि तथा प्रदेश निजामती कर्मचारीहरूबाट बिपद् ब्यवस्थापन कोषमा प्रदेश सरकारको निर्णय अनुसार रकम सहयोग भएको
- सरकारी, गैरसरकारी, निजि प्रतिष्ठान तथा सर्वसाधारणबाट विपद् ब्यवस्थापन कोषमा स्वैच्छिक योगदानको लागि अनुरोध भै योगदानको लागि राष्ट्रिय वाणिज्य वैंकमा खाता सञ्चालन गरिएको
- प्रदेश अस्पताल सुर्खेतमा कोभिड १९ नियन्त्रण, रोकथाम तथा प्रतिकार्यको लागि मध्यनजर राख्दै संक्रमण रोग निदान विभाग स्थापना गरिएको
- सामाजिक विकास मन्त्रालयबाट कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यको लागि आवश्यक रकम विभिन्न खर्चशिर्षकहरूबाट रकमान्तर गरी अत्यावश्यक खर्च ब्यवस्थापनलाइ सहज पारिएको
- प्रदेश अस्पताल, पशुपंक्षि प्रयोगशाला सुर्खेत, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, दैलेख अस्पताल, चौरजहारी र दुल्लुमा पि.सि.आर. मेसिन ब्यवस्थापन गरी कोभिड १९ परीक्षणको दायरालाइ फराकिलो बनाइएको
- प्रदेश सरकारबाट स्थानीय तहहरूमा कोभिड १९ नियन्त्रण तथा आइसोलेशनको लागि बजेट सहयोग गरिएको
- औजार उपकरण, सुरक्षा सामाग्री को लागि संघीय सरकारलाइ अनुरोध गरी सहयोग प्राप्त भएको
- मातहतका कार्यालयहरूमा आवश्यक निर्देशन तथा समन्वय भएको
- विभिन्न साझेदार संस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकाय, बैंक, निजि संघसंस्था आदिबाट सहयोग प्राप्त भएको
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यमा महत्वपूर्ण सहयोग प्राप्त भएको
- प्रदेशस्तरमा प्रयोगशाला स्थापना गर्नका लागि संघीय सरकारसँग समन्वय र सहकार्य
- कोभिड १९ का लागि आइसोलेशन कक्ष निर्माण गर्न बिभिन्न २४ स्थान छनोट भइ स्थानीय तहमा बजेट समेत पठाइएको,

- मन्त्रालयबाट दैनिक Media Briefing तथा कोभिड १९सँग सम्बन्धित प्रतिवेदन दैनिक रूपमा अद्यावधिक भएको,
- सूचना तथा सञ्चार सम्बन्धी क्रियाकलापहरू जारी रहेको,
- CICTT सूचना डेस्क स्थापना भएको,
- Health and Nutrition को Contingency Plan तयार गरी स्वीकृतिका लागि अन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाइएको,
- प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र निर्देशक समिति र समन्वय समित गठन भै कृयाशिल भएको
- संरक्षण क्षेत्रगत कोभिड १९ प्रतिकार्य तथा पूर्व तयारी योजना तयारी भई कार्यान्वयमा रहेको
- क्वारेन्टाइनहरूमा मनोविमर्श सेवा सञ्चालन गरिएको
- यात्रु सम्पर्क केन्द्र सुब्बाकुनामा अलपत्र परेका महिला, बालवालिका, ज्येष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरूको बसाई ब्यवस्थापन
- कोभिड १९ का कारण जोखिममा रहेका बालबालिकाहरूलाइ आर्थिक सहयोग

**कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मातगहतमा उपलब्ध गराइएको बजेट र खर्च विवरण**

**उपलब्ध गराइएको बजेट**

कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय मार्फत मातहतका कार्यालयहरूमा मन्त्रालयले रकमान्तर गरी, बिपद् ब्यवस्थापन कोष र अर्थ बजेटबाट साथै संघीय सशर्तबाट समेत गरी ३० करोड ५९ लाख १५ हजार बजेट ब्यवस्थापन गरिएको थियो ।मन्त्रालय अन्तर्गतका सम्बन्धित कार्यालय र अस्पतालहरूमा कोभिड १९ नियन्त्रण प्रतिकार्यको लागि उपलब्ध गराइएको बजेटको विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | स्वास्थ्यकार्यालय/अस्पताल | कोभिड१९ नियन्त्रण तथा प्रतिकार्यकोलागि बजेट रू हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रकमान्तर बाट | बिपद्कोष बाट | अर्थ बजेटबाट | संघबाट | जम्मा | कैफियत |
| १ | सामाजिकविकास मन्त्रालय | १२५० | | २३०० | | ३५५० | |
| २ | स्वास्थ्यसेवा निर्देशनालय | १७००० | | ९०० | | १७९०० | |
| ३ | प्रदेशअस्पताल | ३३३१५ | १०००० | ५२४०० | १०००० | १०५७१५ | |
| ४ | जनस्वास्थ्यसेवा कार्यालय सुर्खेत | ७९०० | | ४७०० | | १२६०० | |
| ५ | स्वास्थ्यसेवा कार्यालय सल्यान | ८३०० | | ५००० | | १३३०० | |
| ६ | स्वास्थ्यसेवा कार्यालय रूकुम पश्चिम | ६८०० | | ४००० | | १०८०० | |
| ७ | स्वास्थ्यसेवा कार्यालय जाजरकोट | २८०० | | १६८०० | | १९६०० | |
| ८ | स्वास्थ्यसेवा कार्यालय दैलेख | २९५० | | ६००० | १०००० | १८९५० | |
| ९ | स्वास्थ्यसेवा कार्यालय कालिकोट | २५०० | | ११२०० | | १३७०० | |
| १० | जनस्वास्थ्यसेवा कार्यालय जुम्ला | १५०० | | २८०० | | ४३०० | |
| ११ | स्वास्थ्यसेवा कार्यालय हुम्ला | ४००० | | ३१०० | | ७१०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | स्वास्थ्यसेवा कार्यालय मुगु | २७०० | | ६००० | | ८७०० | |
| १३ | स्वास्थ्यसेवा कार्यालय डोल्पा | २५०० | | ३००० | | ५५०० | |
| १४ | मेहेलकुनाअस्पताल | ६२०० | | ३३०० | | ९५०० | |
| १५ | प्रदेशआयुर्वेदऔषधालय | ७०० | | ६५०० | | ७२०० | |
| १६ | कर्णालीस्वास्थ्य विज्ञान प्रतिस्ठान | | १०००० | २२५०० | | ३२५०० | |
| १७ | चौरजहारीअस्पताल | | ५००० | १०००० | | १५००० | |
| **जम्मा** | | **१००४१५** | **२५०००** | **१६०५००** | **२००००** | **३०५९१५** | |

स्रोतः मन्त्रालयको अभिलेख

सामाजिक विकास मन्त्रालय मार्फत कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यको लागि ब्यवस्थापन गरिएको बजेटको सारांश (रू. हजारमा) लाइ निम्न अनुसार बृत्त चित्रमा प्रस्तुत गरिएको छ । जम्मा रकममध्ये ३३ प्रतिशत रकमान्तरबाट, ८ प्रतिशत विपद् ब्यवस्थापन कोषबाट, ५२ प्रतिशत अर्थ बजेटबाट र ७ प्रतिशत संघबाट उपलब्ध गराइएको थियो ।




स्रोतः मन्त्रालयको अभिलेख

**खर्च विवरण :**

कोभिड-१९ को लागि यस मन्त्रालय अन्तर्गतका/कर्णाली प्रदेशका सम्बन्धित कार्यालय तथा अस्पतालहरूमा उपलब्ध गराइएको बजेटमध्ये विभिन्न काम अनुसार खर्च भएको बजेटको विवरण निम्न अनुसार तालिकामा देखाइएको छ ।

| *कार्यालय* | *प्राप्त बजेट रू. हजारमा* | *खर्च रकम रू. हजारमा* | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | *सामाग्री खरिद* | *औषधि खरिद* | *पूर्वाधार* | *जनशक्ति* | *प्रबर्ध नात्मक* | *अन्य* | *जम्मा खर्च* | *खर्च प्रतिशत* |
| सामाजिक विकास मन्त्रालय | ३५५० | ५०० | | | २२०० | | | २७०० | ७६ |
| स्वास्थ्य सेवा निर्देशनालय | १७९०० | ८४४०.३४ | | | १२०० | | १२.३६ | ९६५२.७ | ५४ |
| प्रदेश अस्पताल | १०५७१५ | २४३८२ | ३२८७ | १००१ | १२८८९ | १६३ | २४५१६ | ६६२३८ | ६३ |
| जनस्वास्थ्य सेवा कार्यालय सुर्खेत | १२६०० | ९९८ | | ९३४ | ७८८८ | १०० | ४९८ | १०४१८ | ८३ |
| स्वास्थ्य सेवा कार्यालय सल्यान | १३३०० | ६०० | १००० | ३८८८ | ४५०० | १०० | १४६९ | ११५५७ | ८७ |

| कार्यालय | प्राप्त बजेट रू. हजारमा | खर्च रकम रू. हजारमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामाग्री खरिद | औषधि खरिद | पूर्वाधार | जनशक्ति | प्रबर्धनात्मक | अन्य | जम्मा खर्च | खर्च प्रतिशत |
| स्वास्थ्य सेवा कार्यालय रूकुम पश्चिम | १०८०० | १००० | ५०० | ४५०० | ३५०० | १०० | १०० | ९७०० | ९० |
| स्वास्थ्य सेवा कार्यालय जाजरकोट | १९६०० | ८९२८ | | १००० | ७००० | १०० | २०० | १७२२८ | ८८ |
| स्वास्थ्य सेवा कार्यालय दैलेख | १८९५० | ९३५ | २०० | ९९६६ | ६६०० | | २०० | १७९०१ | ९४ |
| स्वास्थ्य सेवा कार्यालय कालिकोट | १३७०० | ३०५२ | | ७००० | २५०० | | | १२५५२ | ९२ |
| जनस्वास्थ्य सेवा कार्यालय जुम्ला | ४३०० | | | | २५०० | १२० | १०२६ | ३६४६ | ८५ |
| स्वास्थ्य सेवा कार्यालय हुम्ला | ७१०० | १००० | १००० | १०० | ३१०० | २०० | २०० | ५६०० | ७९ |
| स्वास्थ्य सेवा कार्यालय मुगु | ८७०० | १००० | ५०० | ९०० | ५००० | | | ७४०० | ८५ |
| स्वास्थ्य सेवा कार्यालय डोल्पा | ५५०० | १००० | | १२०० | १९७५ | १०० | २०० | ४४७५ | ८१ |
| मेहेलकुना अस्पताल | ९५०० | १५०० | ५०० | २५०० | ३३०० | १०० | ३०० | ८२०० | ८६ |
| प्रदेश आयुर्वेद औषधालय | ७२०० | ९५ | २०० | | ७५० | ३५ | ७० | ११५० | १६ |
| कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठान | ३२५०० | १६६८१ | ५००० | ९३०४ | ३२ | ४२ | ४४१ | ३१५०० | ९७ |
| चौरजहारी अस्पताल | १५००० | ४४६५ | ० | ९८३५ | ५८३ | ० | ६८ | १४९५१ | १०० |
| **जम्मा** | **३०५९१५** | **७४५७६** | **१२१८७** | **५२१२८** | **६५५१७** | **११६०** | **२९३००** | **२३४८६९** | **७७** |

स्रोतः मन्त्रालयको अभिलेख

सामाजिक विकास मन्त्रालयको सिफारिशमा प्रदेश सरकारबाट(अर्थ बजेट) स्थानीय तहहरूमा आइसोलेशन बेड व्यवस्थापनको लागि १ करोड २५ लाख र स्वास्थ्यकर्मि/सुरक्षाकर्मिहरूको खाना व्यवस्थापनको लागि १ करोड ४ लाख ३० हजार गरी जम्मा २ करोड २९ लाख ३० हजार बजेट उपलब्ध गराइएको थियो । यस सम्बन्धी विस्तृत विवरण यसप्रकार रहेको छ ।

रकम रू. हजारमा

| जिल्ला | बजेट निकासाहुने स्थानीय तह | स्थान | आइसोलेसन बेडको लागि रकम | स्वा.कर्मी र सुरक्षाकर्मी खानाको लागि | कुल जम्मा |
|---|---|---|---|---|---|
| सल्यान | वनगाड कुपिण्डे नगरपालिका | देवस्थल स्वास्थ्य चौकी | १००० | ७७० | १७७० |
| | बागचौर नगरपालिका-२ | थारमारे प्राथमिक स्वास्थ्य केन्द्र | ५०० | ४२० | ९२० |
| | कपुरकोट गाउँपालिका-३ | धनवाङ स्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| जाजरकोट | छेडागाड नगरपालिका-३ | दशेरा स्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| | त्रिवेणी नलगाड न.पा.-७ | दल्ली प्राथमिक स्वास्थ्य केन्द्र | ५०० | ४२० | ९२० |
| रुकुम पश्चिम | आठविकोट नगरपालिका | नगर अस्पताल | ५०० | ४२० | ९२० |
| सुर्खेत | पञ्चपुरीनगरपालिका | सालकोटप्राथमिक स्वास्थ्य केन्द्र | ५०० | ४२० | ९२० |
| | लेकवेशी नगरपालिका-4 | दशरथपुर प्राथमिक स्वा. केन्द्र | ५०० | ४२० | ९२० |
| | सिम्ता गाउपालिका | बजेडीचौर स्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |

रकम रू. हजारमा

| जिल्ला | बजेट निकासाहुने स्थानीय तह | स्थान | आइसोलेसन बेडको लागि रकम | स्वा.कर्मी र सुरक्षाकर्मी खानाको लागि | कुल जम्मा |
|---|---|---|---|---|---|
| | चौकुने गाउँपालिका | गुटु स्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| | गुर्भाकोट नगरपालिका | मेहलकुना अस्पताल | ५०० | ४२० | ९२० |
| | चिङ्गगाड गाउँपालिका- ४ | अवलचिङ्ग प्राथमिक स्वा. केन्द्र | ५०० | ४२० | ९२० |
| | वीरेन्द्रनगर नगरपालिका | मध्यपश्चिम विश्व विध्यालय | ५०० | ४२० | ९२० |
| दैलेख | नारायणनगरपालिका | नारायणक्याम्पस | ५०० | ४२० | ९२० |
| | नौमुले गाउँपालिका | नौमुले प्राथमिक स्वास्थ्य केन्द्र | ५०० | ४२० | ९२० |
| | ठाँटीकाध गाउँपालिका-१ | लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्र | ५०० | ४२० | ९२० |
| | आठविस नगरपालिका - ४ | राकम कर्णाली स्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| | दुल्ल नगरपालिका | दुल्लु अस्पताल | ५०० | ४२० | ९२० |
| कालिकोट | पचालझरना गाउँपालिका-४ | राम्नाकोट स्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| | नरहरीनाथ गाउँपालिका - ३ | कुमालगाँउ प्राथमिक स्वा. केन्द्र | ५०० | ४२० | ९२० |
| | तिलागुफा नगरपालिका - ५ | जुविथा स्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| | रास्कोटनगरपालिका | रास्कोट सामुदायिक अस्पताल | ५०० | ४२० | ९२० |
| जुम्ला | तातोपानीगापा | तातोपानीस्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| | सिँजा गाउँपालिका- ३ | नराकोटस्वास्थ्य चौकी | ५०० | ४२० | ९२० |
| **जम्मा** | | | **१२५००** | **१०४३०** | **२२९३०** |

स्रोतः मन्त्रालयको अभिलेख

सामाजिक विकास मन्त्रालय मार्फत कोभिड १९ नियन्त्रण तथा प्रतिकार्यको लागि मेसिनरी औजार, भौतिक पूर्वाधार सुधार, मास्क सेनिटाइजर स्प्रे, पि.पि.इ. सेट, जनशक्ति ब्यवस्थापन, औषधि खरिद, प्रबर्धनात्मक गतिविधि, स्वास्थ्यकर्मिको जोखिम भत्ता आदि प्रयोजनको लागि जम्मा ३० करोड ८७ लाख ४० हजार बजेट ब्यवस्थापन भएको थियो । सो बजेट सामाजिक विकास मन्त्रालयलाइ विनियोजन गरिएको बजेटबाट रकमान्तर गरी, प्रदेश बिपद् ब्यवस्थापन कोषबाट, अर्थ बजेटबाट, संघीय सरकारबाट र सहयोगी संस्थाबाट पूर्ति गरिएको थियो ।

### साझेदार संस्थाहरूबाट कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि प्राप्त सहयोग

कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूले विभिन्न सामाग्रीहरू सहयोग गरेका थिए जसलाइ निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ-

| सि.नं. | साझेदार संस्था | प्राप्त सामाग्री र परिमाण | प्राप्त मिति |
|---|---|---|---|
| १ | युनिसेफ | सर्जिकल मास्क ३००००, सेनिटाइजर ३०० र रिक्रियशन किट ५ सेट | २०७६।१२।१७<br>२०७६।१२।२६ |
| २ | सेभ द चिल्ड्रेन | पि.पि.इ. सेट ४३०, सर्जिकल मास्क १००००, N95 मास्क १००, लुज ग्लोभ २२६५०, मेट्रेस ६०, | २०७६।१२।१९,<br>२०७६।१२।२५, |

| | | | |
|---|---|---|---|
| | | सेनिटाइजर २५, आइआर थर्मोमिटर ६, डिस्पोजेबल ब्याग २५, गमबुट २०, टोपी २०, बुट सुज कभर १३५, एप्रोन ५०, स्टीकर १००००, डिस्इन्फेक्टेन्ट ४०, ब्यानर १२, स्प्रे कन्टेनर १०, युटिलिटी ग्लोभ ९० र पोस्टर पम्पलेट ११००० | २०७७।०१।०९<br>२०७७।०२।०२ |
| ३ | यु.एस.एड.-SSBH | मेट्रेस ५०, ब्यानर ४० र पोस्टर पम्पलेट ८०००० | २०७६।१२।१७ |
| ४ | चौधरी ग्रुप | पि.प.इ.सेट ५०, सर्जिकल मास्क ३००००, लुज ग्लोभ ५०००, मेट्रेस ६० र सेनिटाइजर १५ | २०७६।१२।१२<br>२०७६।१२।१७<br>२०७६।१२।२४ |
| ५ | नेबिल (NABIL) बैंक | पि.सि.आर. मेसिन थान १ | २०७७ बैशाख |
| ६ | एनएमबि (NMB) बैंक | पि.प.इ.सेट ५०, N95 मास्क १०० | २०७६।१२।२९ |
| ***जम्मा सामाग्री प्राप्तः*** *पिपिइ सेट ५८०, सर्जिकल मास्क ४००००, N95 मास्क २००, लुज ग्लोभ २२६५०, मेट्रेस ११०, सेनिटाइजर ३४०, आइआर थर्मोमिटर ६, डिस्पोजेबल ब्याग २५, गमबुट २०, क्याप २०, बुट शु कभर १३५, एप्रोन ५०, स्टीकर १००००, डिस्इन्फेक्टेन्ट ४०, ब्यानर ५२, स्प्रे कन्टेनर १०, युटुलिटी ग्लोभ ९० र पोस्टर पम्पलेट ८११००* | | | |

स्रोतः मन्त्रालय/स्वा.से.नि.को अभिलेख

कर्णाली प्रदेशमा कोभिड नियन्त्रण तथा प्रतिकार्यको लागि प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय वा अन्तर्गत मा समन्वय गरी युनिसेफ, सेभ द चिल्ड्रेन, यु.एस.एड. स्वासथ्यका लागि सक्षमा प्रणाली , लेबिल बैंक, एन.एम.बि. बैंक र चौधरी ग्रुपले पि.सि.आर. मेसिन, पि.पि.इ. सेट, मास्क, सेनिटाइजर, ग्लोभ, स्वास्थ्य शिक्षा सामग्री आदिमा सहयोग गरेका थिए ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि प्राप्त सामाग्री**

कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट विभिन्न सामाग्रीहरू प्राप्त भएको थयो जसलाइ निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ-

| सि.नं. | प्राप्त सामाग्री र परिमाण | प्राप्त मिति |
|---|---|---|
| १ | पिपिइ सेट ५, आइआर थर्मोमिटर ५, पोस्टर पम्पलेट ५००० | २०७६।११।१६ |
| २ | पिपिइ सेट ५०, सर्जिकल मास्क ३००००, भिटिएम किट १०००, क्लोरिन टयाब्लेट २०, स्प्रे ट्र्यांक ५, सेनिटाजर ३० | २०७६।१२।१२ |
| ३ | पिपिइ १०००, सर्जिकल मास्क १००००, N95 मास्क ४८०, लुज ग्लोभ २००००, आइआर थर्मोमिटर १०, | २०७६।१२।१६ |
| ४ | पिपइ सेट १००, सर्जिकल मास्क १००००, सोडियम हाड्रोक्लोराइड ५ लि., गगल्स २५ | २०७६।१२।१७ |
| ५ | पिपइ गाउन ५०, सर्जिकल मास्क ९६००, लुज ग्लोभ ५००, सेनिटाइजर २०, | २०७६।१२।२४ |
| ६ | आरडिटी किट ५०००, क्लोरिन ४०० के.जी. | २०७६।१२।२७ |
| ७ | आरडिटी किट ३००० | २०७७।०१।०७ |

| सि.नं. | प्राप्त सामाग्री र परिमाण | प्राप्त मिति |
|---|---|---|
| ८ | पिपइ सेट २००, सर्जिकल मास्क ३०००, लुज ग्लोभ २५००, सेनिटाइजर ३००, स्प्रे पम्प ७, आइआर थर्मोमिटर ५०, गमबुट २०० | २०७७।०१।१३ |
| ९ | भिटिएम किट ५०० | २०७७।०१।१४ |
| १० | पिपइ गाउन १००, N95 मास्क १००, लुज ग्लोभ २००, सेनिटाइजर २०, क्याप १००, सु कभर १००, गगल्स २०, फेस शिल्ड ५० | २०७७।०१।२४ |
| ११ | आरएनए किट ७००, भिटिएम किट ७०० | २०७७।०१।२६ |
| १२ | भिटिएम किट ५०० | २०७७।०१।३१ |
| १३ | पिपइ गाउन १००, सर्जिकल मास्क ४०००, लुज ग्लोभ १०००, | २०७७।०२।०२ |
| १४ | पिपइ गाउन २६००, सर्जिकल मास्क ८०००००, लुज ग्लोभ १२५००, सेनिटाइजर ५७६, हेभि ग्लोभ २४०, गम बुट २८८, क्याप १२००, सु कभर २००, गगल्स ९६०, बोडी ब्याग ५० | २०७७।०२।०५ |
| १५ | आरडिटी किट ५५००, | २०७७।०२।०५ |
| १६ | सर्जिकल मास्क २००००, पिसिआर किट ५०००, आरएनए किट १०००, भिटिएम किट २०००, | २०७७।०२।११ |
| १७ | पिपिइ २००, सर्जिकल मास्क ५०००, N95 मास्क ३००, लुज ग्लोभ ४००, आरडिटी किट ५०००, सेनिटाइजर १०, क्याप २००, सु कभर २००, गगल्स १००, फेस शिल्ड ५० | २०७७।०२।१६ |
| १८ | आरएनए किट १०००, आरडिटी किट २५०० | २०७७।०२।२६ |
| १९ | पिपिइ प्रोटेक्टभ १४२००, पिपिइ १५१३०, सर्जिकल मास्क २१७९००, N95 मास्क १४५०, लुज ग्लोभ १२०२००, आइआर थर्मोमिटर ८०, गमबुट ४५७, बायोहेजार्ड ६८३, क्याप १३००, सु कभर १८००, पोलीकार्बोनेट गगल्स १९५६, गगल्स ७६९०, फेस शिल्ड १९५१ | २०७७।०२।२८ |
| २० | भिटिएम किट ३०००, | २०७७।०३।२४ |
| २१ | भिटिएम किट ३२००, आरडिटी किट १९८०० | २०७७।०३।३१ |
| ***जम्मा सामाग्री प्राप्तः*** *पिपिइ सेट ३५५, पिपिइ प्रोटेक्टिभ क्लथिङ १४२००, पिपिइ गाउन १९१२०, सर्जिकल मास्क ११०९५००, N95 मास्क २३३०, पिसिआर किट ५५००, आरएनए किट २७००, लुज ग्लोभ १५७३००, भिटिएम किट १०९००, आरडिटी किट ५८०००, सेनिटाइजर ९५६, स्प्रे पम्प ७, आइआर थर्मोमिटर १४५, क्लोरिन ४०० के.जी., क्लोरिन ट्याब्लेट २०, हेभि ग्लोभ २४०, गम बुट ९४५, बायोहेजार्ड ६८३, क्याप १२८००, सु कभर २३००, पोलिकार्बोनेट गगल्स १९५६, गगल्स ८७९५, बडी ब्याग ५०, फेस शिल्ड २०५१, स्प्रे ट्यांक ५ र पोस्टर पम्पलेट ५०००* | | |

स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

कर्णाली प्रदेशमा कोभिड नियन्त्रण तथा प्रतिकार्यको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट पिपिइ सेट, पिपिइ प्रोटेक्टिभ क्लथिङ, पिपिइ गाउन, सर्जिकल मास्क, N95 मास्क, पिसिआर किट, आरएनए किट, लुज ग्लोभ, भिटिएम किट, आरडिटी किट, सेनिटाइजर, स्प्रे पम्प, आइआर थर्मोमिटर, क्लोरिन, क्लोरिन ट्याब्लेट,

हेभि ग्लोभ, गम बुट, बायोहेजार्ड, क्याप, सु कभर, पोलिकार्बोनेट गगल्स, गगल्स, बडी ब्याग, फेस शिल्ड, स्प्रे ट्यांक र पोस्टर पम्पलेट हरू प्राप्त भएको थियो ।

**कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि स्वास्थ्य सेवा निर्देशनालय, आपूर्ति शाखाबाट खरिद भएको सामाग्रीहरू**

कोभिड-१९ नियन्त्रण तथा प्रतिकार्यको लागि सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतबाट विभिन्न सामाग्रीहरू स्वास्थ्य सेवा कार्यालयहरू मार्फत वितरण एवं प्रयोगको लागि खरिद भएको थियो जसलाइ निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ-

| सि.नं. | खरिद भएको सामाग्री र परिमाण | प्राप्त मिति |
|---|---|---|
| १ | पिपिइ सेट १००, पिपिइ गाउन ४००, सर्जिकल मास्क ४०००, N95 मास्क ४५०, भिटिएम किट ४०, पोस्टर पम्पलेट ४५०००, स्टीकर १०००० | २०७६।१२।१४ |
| २ | पिपिइ गाउन १०००, सर्जिकल मास्क १२०००, N95 मास्क ४५०, लुज ग्लोभ ७०००, भिटिएम किट ४०, सेनिटाइजर २५०, डिजिटल थर्मोमिटर ४६०, शु कभर ३०, क्याप ३५०, गमबुड ८८, बडि ब्याग १०, गगल्स ४९२, युटिलिटी ग्लोभ ४० | २०७७ बैशाख |
| ३ | पिपिइ सेट १००, भिटिएम किट १६००, | २०७७।०२।१४ |
| **जम्मा सामाग्री खरिदः** *पिपिइ सेट १२५०, पिपिइ गाउन १४००, सर्जिकल मास्क १६०००, N95 मास्क ६५०, लुज ग्लोभ ७०००, भिटिएम किट १६७०, सेनिटाइजर २५०, डिजिटल थर्मोमिटर ४६०, शु कभर ३०, क्याप ३५०, गमबुट ८८, बडि ब्याग १०, गगल्स ४९२, युटिलिटी ब्याग ४०, पोस्टर पम्पलेट ४५००० र स्टीकर १००००* | | |

स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

कर्णाली प्रदेशमा कोभिड नियन्त्रण तथा प्रतिकार्यको लागि प्रदेश स्तरमा स्वास्थ्य सेवा निर्देशनालयको आपूर्ति शाखाबाट पिपिइ सेट, पिपिइ गाउन, सर्जिकल मास्क, N95 मास्क, लुज ग्लोभ, भिटिएम किट, सेनिटाइजर, डिजिटल थर्मोमिटर, शु कभर, क्याप, गमबुट, बडि ब्याग, गगल्स, युटिलिटी ब्याग, पोस्टर पम्पलेट र स्टीकरहरू खरिद गरी जिल्लाहरूमा वितरण गरिएको थियो ।

**कोभिड-१९ नियन्त्रण प्रतिकार्यको लागि प्राप्त भएको र खरिद भएको सामाग्रीहरूको वितरण अवस्था**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विभिन्न साझेदार संस्थाहरूबाट उपरोक्त अनुसार स्वास्थ्य सेवा निर्देशनालयमा प्राप्त तथा निर्देशनालयमा खरिद गरिएका सामाग्रीहरूको वितरण लगत निम्न अनुसार तालिकामा देखाइएको छ ।कोभिड १९ प्रतिकार्य तथा नियन्त्रणको लागि प्राप्त सामाग्रीहरूलाइ १० वटा जन/स्वास्थ्य सेवा कार्यालयहरू र मार्फत स्थानीय तहहरूमा, प्रदेश अस्पताल, मेहेलकुना अस्पताल, पिसिआर प्रयोगशाला, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, चौरजहारी अस्पताल तथा बफर स्टकको लागि वितरण गरिएको थियो ।

| कार्यालय /सामान | ज.स्वा. से. कार्यालय | स्वा. से. कार्यालय दैलेख | स्वा. से. कार्यालय | ज.स्वा. से. कार्यालय | स्वा. से. कार्यालय मुगु | स्वा. से. कार्यालय हुम्ला | स्वा. से. कार्यालय डोल्पा | स्वा. से. कार्यालय रूकुम | चौरजहारी अस्पताल | स्वा. से. कार्यालय | स्वा. से. कार्यालय सल्यान | प्रदेश अस्पताल | मेहेलकुना अस्पताल | पि.सि.आर.प्रयोगशाला | कर्णाली स्वा वि. प्रतिष्ठान | बफर स्टक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पिपिइ सेट | २४ | ५ | ७ | ७ | ७ | ७ | ५ | ५ | | १० | ६ | २०५ | ८ | ४५ | ६० | २०० | ६०१ |
| पिपिइ प्रोटेक्टिभ क्लोथिङ | | | | | | | | | | | | | | | | २२०० | |
| पिपिइ गाउन | २११ | ३०२ | १७१ | १४० | १८० | १८० | १८० | १५० | | १८० | २२५ | २६० | १०० | ४९० | ७० | १५०० | ४३३९ |
| N95 मास्क | ९८ | ३३ | ० | २० | २६ | ३३ | २५ | २५ | | २५ | २७ | १०० | २० | २३० | २५ | १०० | ७८७ |
| सर्जिकल मास्क | ३२२०० | ११७०० | ७००० | २००० | ८००० | १२१०० | ९००० | १०७०० | | १०१०० | १७८०० | १५३०० | ६३०० | ९७०० | १३५० | २५००० | १७८२५० |
| लुज ग्लोभ | २७०० | ४४०० | २२०० | ७००० | २००० | ३२१०० | २००० | २००० | | २००० | १००० | ५००० | ८०० | ७६०० | ० | ११००० | ८१८०० |
| आरडिटी किट | १७२९५ | १३९८० | १४६० | ११४० | १२६० | १४७० | ९४० | १६०० | २०० | १८२५ | ६६०० | ० | १५ | १०९५ | ० | ९१२० | ५८००० |
| भिटिएम | १७०५ | १४१० | १८५ | १६० | २७० | ६११ | २८० | ५७५ | ६२ | ४७८ | १२५० | २०० | ० | ७१४ | ० | ३००० | १०९०० |
| सेनिटाइजर बोतल | ५२ | ११० | ६५ | ५५ | १०५ | ९५ | ८७ | ६८ | | ९५ | ७५ | १५२ | ४५ | १११ | ५२ | १०० | १२६७ |
| आइआर थर्मोमिटर | ४ | ४ | ० | १ | १ | ७ | १ | २ | | १२ | ३ | ३ | १ | ० | २ | २० | ६१ |
| क्लोरिन टयाबलेट | ० | १० | १० | ० | ३० | १० | १० | १० | | १० | १००० | ५० | १० | १० | २० | | ११८० |
| स्प्रे टयांक | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | १ | १ |
| युटिलिटी ग्लोभ | ० | २५ | २० | ० | १५ | १५ | १५ | १५ | | २० | २० | २० | २० | ० | ० | २० | २०५ |
| मेट्रेस | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ११० | ० | ६ | ० | | ११६ |
| बोडी ब्याग | ० | ५ | ५ | ० | ० | ५ | १० | ५ | | ५ | ५ | ० | ० | ० | ० | ५ | ४५ |
| गगल्स | २४ | ४८ | ४८ | २४ | ३६ | ४८ | ३६ | ३६ | | ३६ | ४८ | ० | २४ | ३६ | ० | ९०० | १३४४ |

| कार्यालय /सामान | ज.स्वा. से. कार्यालय | स्वा. से. कार्यालय दैलेख | स्वा. से. कार्यालय | ज.स्वा. से. कार्यालय | स्वा. से. कार्यालय मुगु | स्वा. से. कार्यालय हुम्ला | स्वा. से. कार्यालय डोल्पा | स्वा. से. कार्यालय रुकुम | चौरजहारी अस्पताल | स्वा. से. कार्यालय | स्वा. से. कार्यालय सल्यान | प्रदेश अस्पताल | मेहेलकुना अस्पताल | पि.सि.आर.प्रयोगशाला | कर्णाली स्वा वि. प्रतिष्ठान | बफर स्टक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शु कभर | ० | १२२ | १५ | १० | १० | १० | १० | १० | | ८५ | २० | १५५ | ८५ | १० | ५० | | ५९२ |
| क्याप | ५० | १०० | ५० | ५० | ५० | ५० | ५० | ५० | | ५० | १०० | १५० | ५० | ० | ० | ९०० | १७०० |
| गमबुट | ० | ३१ | २० | ० | २० | ३२ | ३५ | २० | | ५० | २० | ० | २० | ० | ० | ५० | २९८ |
| डिजिटल थर्मोमिटर | २० | १०० | २० | ० | २० | ६० | २० | २० | | ९० | १०० | १०० | ३० | ० | ० | ३२० | ९०० |
| स्टिकर | २०० | ५०० | ५०० | १५०० | १५०० | १२०० | ६०० | ५०० | | ६५० | ० | ० | १००० | ० | ३०० | | ८४५० |
| ब्यानर | ८ | १३ | ५ | ५ | ५ | १० | ७ | ४ | | ८ | ० | ३ | ३ | ० | २ | | ७३ |
| पोस्टर पम्पलेट | १८५०० | १६५०० | १०७८१ | ११००० | ११००० | १२५०० | ६००० | १०००० | | ११५०० | ० | १०००० | ५००० | ० | ५०० | | १२३२८१ |
| फेस शिल्ड | ० | २२ | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | ० | ५० | १३५ | २०७ |

स्रोतः स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत

## २०७७ असार मसान्त सम्मको कोभिड-१९ को अध्यावधिक अवस्था

२०७७ असार मसान्त सम्ममा कर्णाली प्रदेशमा रहेका जम्मा क्वारेन्टाइन संख्या, जम्मा क्वारेन्टाइन बेड संख्या, क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या, क्यारेन्टाइनमा रहेका संख्या, आइसोलेसन बेड संख्या, आइसोलेसनमा जम्मा भर्ना संख्या र आइसोलेसनमा रहेका संख्यालाइ निम्न अनुसार तालिमा प्रस्तुत गरिएको छ ।

| जिल्ला | जम्मा क्वारेन्टाइन संख्या | जम्मा क्वारेन्टाइन बेड संख्या | क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या | क्वारेन्टाइनमा रहेका संख्या | जम्मा आइसोलेसन बेड संख्या | जम्मा आइसोलेसनमा भर्ना संख्या | आइसोलेसनमा रहेका संख्या |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | ५३ | ९८५ | ४८३ | ४१० | ८ | ४ | ० |
| मुगु | ८ | ३५० | १३१७ | ३० | ९२ | ५ | ० |
| हुम्ला | १३४ | २३२६ | ७५१ | ६११ | १६ | २ | १ |
| जुम्ला | १४ | ८०० | १५४४ | १४ | १२० | ४० | ० |
| कालिकोट | १२ | १३९५ | ६२०३ | ११० | ८० | ६० | ११ |
| दैलेख | २४९ | ११०९२ | १२८५१ | २२५ | ६३८ | ८०१ | ४६ |
| जाजरकोट | ३३ | १५९५ | ३०५७ | १८०२ | ६ | १८ | ७ |
| रूकुम पश्चिम | ८८ | २९०४ | २८६६ | १८० | ९५ | १९ | १० |
| सल्यान | १०९ | ३८२४ | ५२६६ | २११८ | २२ | २१६ | १९ |
| सुर्खेत | २४ | २२२४ | १५५९१ | ६६५ | ३१० | ४९६ | १३९ |
| जम्मा | ७२४ | २७४९५ | ४९९२९ | ६१६५ | १३८७ | १७१४ | २३३ |

स्रोतः आ.मा. तथा कानून मन्त्रालय, सा.वि. मन्त्रालय

जिल्ला अनुसार क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या तलको बार चित्रमा देखाइएको छ । क्वारेन्टाइनमा भर्ना भएका जम्मा संख्या ४९९२९ छ भने सवैभन्दा बढी सुर्खेत जिल्लामा १५५९१ र भने सवभन्दा कम डोल्पामा ४८३ छ ।




स्रोतः मन्त्रालयको अभिलेख

यस प्रदेशमा जिल्लागत रूपमा जम्मा पि.सि.आर. जाँच संख्या, आर.डि.टी. जाँच संख्या, जम्मा संक्रमित संख्या, कोभिड १९ को कारण जम्मा मृत्यु संख्या र उपचार भै घर फर्केको संख्या निमन अनुसार तालिकामा देखाइएको छ ।

| जिल्ला | जम्मा पि.सि.आर. जाँच संख्या | जम्मा आर.डि.टि. जाँच संख्या | जम्मा संक्रमित संख्या | जम्मा मृत्यु संख्या | उपचार भै घर फर्केको जम्मा संख्या |
|---|---|---|---|---|---|
| डोल्पा | ११०६ | १२४१ | ४ | १ | २ |
| मुगु | १६५० | ९४८ | ५ | - | ३ |
| हुम्ला | २४१८ | ४०९ | २ | - | १ |
| जुम्ला | ४७७६ | ६७९ | ४० | - | ६२ |
| कालिकोट | ३७८५ | २७७१ | ६० | - | ४४ |
| दैलेख | ४९५४ | ११७९५ | ८०१ | ३ | ७५६ |
| जाजरकोट | ३०५६ | २२१२ | १८ | - | ६ |
| रूकुम पश्चिम | २८८३ | ११२४ | १९ | - | २२ |
| सल्यान | १९७४ | ४६५३ | २१६ | - | १८४ |
| सुर्खेत | ६३५६ | २१७५६ | ४९६ | २ | ३५२ |
| अन्य प्रदेश | २०६५ | - | ५३ | - | ५३ |
| **जम्मा** | **३५०२३** | **४७५८८** | **१७१४** | **६** | **१४८५** |

स्रोतः मन्त्रालयको अभिलेख

कर्णाली प्रदेशमा जिल्ला अनुसार २०७७ असार मसान्त सम्मको कोरोना संक्रमित संख्या निम्न अनुसार नक्सामा समेत देखाइएको छ ।बढी संक्रमित संख्या भएका जिल्लाहरूमा क्रमशः दैलेख, सुर्खेत र सल्यान छन् भने कम संक्रमित भएका जिल्लाहरूमा क्रमशः हुम्ला, डोल्पा र मुगु रहेका छन् ।यस प्रदेशमा अन्य प्रदेशका संक्रमित संख्या ५३ रहेको देखिन्छ ।




स्रोतः मन्त्रालयको अभिलेख

कर्णाली प्रदेशमा २०७७ असार महिनामा कोरोनाबाट दैनिक संक्रमित संख्या हेर्दा शुरूका दिनहरूको तुलनामा पछिल्ला दिनहरूमा संक्रमित संख्या घट्दै गएको देखिन्छ भने कोरोना जितेर घर फर्कनेको संख्या बढ्दै गएको देखिन्छ ।यो कुरा निम्न रेखाचित्रहरूबाट अवलोकन गर्न सकिन्छ ।




स्रोतः मन्त्रालयको अभिलेख




स्रोतः मन्त्रालयको अभिलेख

**कोभिड १९ को प्रतिकार्यमा भएका मुख्य उपलब्धीहरू**

- प्रदेशस्तरमा स्थापना भएका हेल्थ डेस्कहरू मार्फत कोभिड १९ को नियन्त्रण सम्भव भएको,
- प्रदेशस्तरमा नै प्रयोगशाला स्थापनाले कोभिड १९ को जाँच गर्न सफलता, पास भएको र सबैको पहुँच
- चिकित्सक सहितको स्वास्थ्यकर्मीको टीम परिचालनले रोग नियन्त्रणमा सफलता प्राप्त
- केश अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिङ कार्यले रोगको नियन्त्रणमा सहयोग मिलेको
- सूचनाको संप्रेषणले जनस्तरमा चेतनामा बृद्दि भई स्वस्थ्यकर वानिव्यवहारमा बृद्दि भएको
- समन्वय र सहकार्य मार्फत कोभिड १९ लाई नियन्त्रणमा राख्न सकिएको

## आ.व. २०७६।७७ मा भएका मुख्य कार्यहरू

आर्थिक वर्ष २०७६।७७ मा सम्पादन भएका प्रमुख कार्यहरू

१. स्वास्थ्य

- कोभिड व्यवस्थापन अन्तर्गत ४७५८८ को RDT बाट परिक्षण, ३५ हजारभन्दा बढीको को PCR बाट परिक्षण, Quarantine, Isolation व्यवस्थापन, शव व्यवस्थापन, एम्बुलेन्स व्यवस्थापन, कन्ट्याक्ट ट्रेसिंग
- अस्पताल औजार उपकरण ब्यवस्थापन
- भौतिक पूर्वाधार निर्माण कार्य
- पि.सि.आर. प्रयोगशाला संचालन
- कोरोना बिशेष अस्पताल संचालन
- ज्वरो क्लिनिक संचालन
- अस्पतालका बिभिन्न विभागहरुमा बिशेषज्ञ चिकित्सक थप भइ सेवा विस्तार
- कोरोना संक्रमणको समयमा ओ.पि.डि. सेवा केहि समय बन्द रहेको र अन्य सेवाहरु यथावत संचालन गरिएको

- कोरोना संक्रमण नियन्त्रण तथा उपचारका लागि बिभिन्न जिल्लामा चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन
- बिभिन्न संघ संस्थाहरु संग समन्वय गरि कोरोना उपचारका लागि आइ.सि.यु. बेड, भेन्टिलेटर, लगायत उपकरण सामाग्री सहयोग ।
- दादुरा रूबेला अभियान संचालन
- रोटा खोप सुरूवात
- कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम कार्यान्वयन, २५ हजार बढीलाइ सुत्केरीलाइ पोषण कोषेली भत्ता वितरण
- ४९ जना क्यान्सर रोगीहरूलाइ रू १० हजारका दरले यातायात खर्च वितरण
- एचआइभी संक्रमितहरूलाइ पोषण भत्ता उपलब्ध गराइएको
- कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम कार्यान्वयन
- प्रदेश स्वास्थ्य नीति २०७६ निर्माण र कार्यान्वयन, स्वास्थ्य विधेयक तयारी
- प्रदेश अस्पतालमा ३०० शैयाको लागि पूर्वाधार विकास, जिल्ला स्तरका अस्पतालहरू ५० शैयाको लागि भौतिक ब्यवस्था हुनेगरी स्रोतसाधनको ब्यवस्था
- ४७ वटा सामुदायिक स्वास्थ्य एकाइहरूको स्थापना र कार्यान्वयन, बर्थिङ सेन्टर पुर्वाधार सहयोग
- ७९ वटै स्थानीय तह र २५० भन्दा बढी स्वास्थ्य संस्थाबाट अनलाइन स्वास्थ्य सूचना ब्यवस्थापन सञ्चालन । अस्पतालहरूमा विद्धुतीय अभिलेख प्रणालीको शुरूवात गर्ने प्रकृया शुरू भएको ।
- प्रदेशका ४३४१ महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवालाइ प्रभावकारी बनाउन थप मौद्रिक प्रोत्साहन ब्यवस्था कार्यान्वयन
- प्रदेश आयुर्वेद औषधालयमा रूरल फार्मेसीको स्थापना गरी २८ प्रकारका आयुर्वेदिक औषधिहरूको उत्पादन शुरू
- विशेषज्ञ स्वास्थ्य सेवा विस्तार र स्वास्थ्य शिविरहरूको सञ्चालन
- जटिल प्रसुती अवस्थामा मातृ तथा शिशुहरूको उद्धार गरी मातृ तथा नवजातशिशु मृत्यु घटाइएको
- स्वास्थ्य सेवाको कम पहुंच भएका दुर्गम स्थानहरूमा २०१ सामुदायिक नर्स परिचालन
- प्रदेश अन्तर्गतका अस्पतालहरूमा चिकित्सक लगायत अन्य अत्यावश्यक स्वास्थ्यकर्मीहरूको ब्यवस्थापन
- रोगको आउटब्रेकको अवस्थामा प्रभावकारी ब्यवस्थापन गरी संक्रमण नियन्त्रण
- कोरोना नियन्त्रण तथा प्रतिकार्यका लागि हेल्थ डेस्क तयारी, जनशक्ति परिचालन, औषधि उपकरण लगायतका सामाग्रीको आपूर्ति
- कोरोना नियन्त्रण तथा प्रतिकार्यका लागि बजेट परिचालन मार्फत अस्पतालहरू को सुदृढीकरण
- स्थानीय तहहरूलाइ कोरोना नियन्त्रण तथा प्रतिकार्यका लागि सहयोग र समन्वय
- टेलिमेडिसिन सेवाको शुरूवात
- सुर्खेतमा २ वटा समूहमा COFP Counseling Training सञ्चालन

- भेरी अञ्चल अस्पतालमा ३ वटा समूहमा Implant Training सञ्चालन
- प्रदेश अस्पताल ३ र भेरी अञ्चल अस्पाताल १ मा SBA Training ४ समूहमा सञ्चालन
- मिसन अस्पताल पाल्पा १ र प्रदेश अस्पताल सुर्खेत १ गरी २ वटा समूहको MLP Training सञ्चालन
- धनगढी अस्पतालमा मेडिकल अफिसरहरूको लागि CAC Training सञ्चालन
- सुर्खेतको पञ्चपुरी र वराहताल पालिकामा मनोवैज्ञानिक प्राथमिक सल्लाह गोष्ठी सञ्चालन
- आयुर्वेद विशेषज्ञ स्वास्थ्य सेवा मार्फत अहिलेको आकश्मिक अवस्थामा घरदैलोमा नै स्वास्थ्य सेवा प्रदान
- मानसिक स्वास्थ्यको व्यवस्थापनका लागि स्वास्थ्यकर्मीहरूलाई तालिम,

२.शिक्षा तथा खेलकूद

- शिक्षा नीति, शिक्षा विधेयक तयारी
- विद्यालयहरूको भवन निर्माण तथा भौतिक पूर्वाधार सुधार
- छोरी बुहारी, प्राविधिक उच्चशिक्षा, जेहेन्दार उच्चशिक्षा, दलित उच्चशिक्षा, अपांग उच्चशिक्षा, प्रदेश स्थापना शहिद उच्चशिक्षा तथा डुम, मुसहर, चमार छात्रबृत्तिको ब्यवस्थापन र कार्यान्वयन
- १३ औं दक्षिण एशियाली खेलकूदमा स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्ने कर्णाली प्रदेशका ६ जना खेलाडीहरूलाइ सम्मान तथा प्रोत्साहन
- शैक्षिक क्लस्टरको बिपद प्रतिकार्य योजना
- खेलकूद ऐन तयार भइ नियमावली बन्ने क्रममा रहेको
- खेलकुद सम्बन्धी पूर्वाधार निर्माण
- स्वयंसेवक परिचालन कार्यविधि तयारी
- ५९५ जनालाई एस.इ.इ.को मुल प्रमाणपत्रको प्रतिलिपि उपलव्ध गराइएको । ४५० जनालाई मार्कसिटको प्रतिलिप उपलव्ध गराइएको ।
- ७१ जनाको प्रमाणपत्र संसोधन गरिएको, ६ जनालाई माइग्रेसन प्रमाण पत्र उपलव्ध गराइएको
- जुम्लामा ६ महिने कम्प्युटर सीप विकास तालिम सञ्चालन
- वार्षिक कार्यक्रम अभिमुखिकरण तथा तालिम सञ्चालन कार्ययोजना निर्माणका लागि गोष्ठी सञ्चालन
- इजिआरपी प्रशिक्षक प्रशिक्षण तथा टिपिडि प्रशिक्षक क्षमता विकास तालिम सञ्चालन
- स्थानीय पाठ्यक्रम विकासका लागि क्षमता विकास तालिम सञ्चालन
- प्रधान अध्यापकहरूलाइ व्यवस्थापन तालिम सञ्चालन
- शिक्षक सेवा आयोगबाट सिफारिस भै पदस्थापन भएका नवप्रवेशी शिक्षकहरुको सेवाप्रवेश तालिम सञ्चालन
- माध्यमिक तहमा अग्रेजी र विज्ञान विषयको शिक्षकको पेशागत विकास तालिम सञ्चालन
- आधारभुत तह ६ ८ को अग्रेजी गणित र नेपाली विषयको शिक्षकको पेशागत विकास तालिम सञ्चालन

- विद्यालय शिक्षकहरुको लागि आइसिटि तालिम सञ्चालन
- सुर्खेत दैलेख  जाजरकोट र हुम्लामा विद्यालयको लेखा व्यवस्थापन तालिम सञ्चालन
- टिपिडि तालिम पूरा गरेका शिक्षकहरुको नतिजा प्रकाशन तथा प्रमाणीकरण
- तालिम प्राप्त शिक्षकहरुलाइ प्रमाणपत्र वितरण
- मानव संसाधन विकास केन्द्रको सञ्चालन कार्यविधि तथा दिर्घकालिन सोच पत्रको मस्यौदा तयारी
- मानव संसाधन विकास केन्द्रको भौतिक संरचनाको सुधारात्मक कार्य सञ्चालन
- मानव संसाधन विकास केन्द्रको वेभसाइट तथा सुचना प्रणाली विकास

३. सामाजिक विकास

- सहयोगापेक्षी सडकमानव रहित कर्णाली प्रदेश २०७६ माघ ४ मा घोषणा
- कर्णाली प्रदेश सरकारको बैंकखाता छोरीको कार्यक्रम कार्यान्वयन
- हिंसा प्रभावित, सडक बालबालिका, सहाराबिहिन, सडक मानव तथा ज्येष्ठ नागरिकहरूको सेवा
- लैंगिक हिंसा प्रभावित महिला तथा बालबालिकाहरूको लागि ६ जिल्लामा सेफहाउस स्थापना र सञ्चालन
- लैंगिक हिंसा सम्बन्धी विधेयक तयारी
- प्रदेश स्तरमा हिंसा प्रभावितहरूको लागि दीर्घकालिन पुनस्थापन केन्द्र स्थापना र सञ्चालन
- प्रदेश स्तरमा बृद्धाश्रम सञ्चालन ब्यवस्थापन सहयोग र ४ जिल्लामा बृद्ध दिवासेवा केन्द्र सञ्चालन
- लोपोन्मुख राउटे समुदायको सामाजिकिकरण, मुलप्रवाहीकरण सहयोग
- बाल संरक्षण प्रणालीको सुदृढीकरण स्रोत सामाग्री प्रकाशन
- समाजमा  रहेमा सामाजिक बिकृति न्यूनिकरण गर्न सामाजिक अभियान कार्यक्रम सन्चालनका लागि सन्चालन तथा ब्यवथापन
